लेखापरीक्षण प्रतिवेदन

बारबर्दिया नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बारबर्दिया नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/199

श्रीमान नगर प्रमुखज्यू,
बारबर्दिया नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बर्दिया ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/199

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगर प्रमुखज्यू ,

बारबर्दिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

बर्दिया।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय- व्यय तर्फ रू.२ अर्ब ३२ करोड ७० लाख ८६ हजार ६५ को लेखापरीक्षणबाट रु. १ करोड ३६ लाख ८५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१३ लाख ६९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु ४ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १५ लाख गरी जम्मा रु. १ करोड २३ लाख १६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १९ करोड ७५ लाख ३५ हजार मध्ये रु. ७० लाख १६ हजार सम्परीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२० करोड २८ लाख ३५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बारबर्दिया नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
१०३	१४	१,३६,८४,५०८	०	३	१३,६८,८६७	०	१०३	११	१,२३,१५,६४१	४,८०,७७०	१,१४,९९,४५७	३,३५,४१४	०	०	१,१८,३४,८७१	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बर्दिया	१९,७५,३५,४६१		७०,१५,६६३	१९,०५,१९,७९८		१,२३,१५,६४१	२०,२८,३५,४३९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३३	विमा प्रमाण नभएको	७६,८४७
२	२०८१/८२	२६	म्याद नाघेको पेश्की	११,२४,०००
३	२०८१/८२	३२	बढी भुक्तानी	१,६८,०२०
यस वर्षको जम्मा				**१३,६८,८६७**
४	२०८०/८१	२९	म्याद नाघेको पेश्की	६०,८४,०१०
५	२०८०/८१	६०	पाठ्यपुस्तक अनुदानमा बढी निकासा	५६,८७१
६	२०८०/८१	८७.३	नगदी रसिदबाट आय	७,८५,४७१
७	२०७९/८०	४६	दाखिला गर्न बाँकी कर	४६,९११

८	२०७९/८०	३७	छात्रवृति निकासा	४२,४००
गत विगतको जम्मा				**७०,१५,६६३**
कुल जम्मा				**८३,८४,५३०**

बारबर्दिया नगरपालिका, बर्दिया

(८०५५८४०४३००)

बारबर्दिया नगरपालिका , बर्दिया

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वटा वडा, २२६.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ७२५३३ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।२४ देखि २०८२।०९।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.२ अर्ब ३२ करोड ७० लाख ८६ हजार ६५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४७६०३७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पाठ्यपुस्तकमा बढी निकासा	२६१०२
२	विद्यालयको लेखापरीक्षण प्रतिवेदनबाट कायम बेरुजु	२९५६५६
३	विद्यालयहरुको अनुगमन भत्ता	६२१५०
४	नमुना मा वि मा बढी भुक्तानी	६७४१९
५	विज्ञापन वोर्ड रकम	२४७१०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ मा भएको खर्चको एकिकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	१३७५३४६१५	१	**चालु खर्च**	५२५७४५३१०
	क) नगद	-	२	**पूँजीगत खर्च**	२८८६३६०४२
	ख) बैंक	-	३	**अन्तर सरकारी तहको खर्च**	२६९५६०२०२
२	**स्थानीय तह संचित कोष**	९७८०२६६८	४	वित्तिय व्यवस्था भुक्तानी	
३	ग ५.१स्थानीय तह विविध कोषखाता	५७६९५७३		क) ऋण भुक्तानी	
४	ग ६.१स्थानीय तह प्रकोप व्यवस्थापन कोष	११४२३०८२		विविध खर्च खाता खर्च	
५	धरौटी आय	२०७४८७६०	५	लगानी	
६	ग २.७विविध खर्च खाता	१७९०५३२		ऋण लगानी	
७	राजस्व (आन्तरिक आय)	५१०२५९८५		शेयर लगानी	
७.१	क) आन्तरिक राजस्व	५१०२५९८५	६	अन्य लगानी	
८	राजस्व बाँडफाँड	१८३५३९६६३			
८.१	क)बाँडफाँड भइ प्राप्त हुने म.अ.कर	९७३८४४८३			
८.२	ख)बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	४२०४१९३८			
८.३	ग)बाँडफाँडबाट प्राप्त हुने सवारी साधन	१४४६७८७३	७	धरौटी फिर्ता	६५८०७१०
८.४	घ)बाँडफाँड भईप्राप्त हुने रोयल्टी	१४८०२८४	८	कोष खर्च	३१७९५२९८
८.५	ङ)बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१०७७९३०५	८.१	ग ५.१स्थानीय तह विविध कोष खाता	२३९०३५०
८.६	च)घरजग्गा रजिष्ट्रेशन शुल्क	१७३८५७८०	८.२		
९	**वित्तियहस्तान्तरणसंघ**	५८०३०२०४०	८.३		
९.१	क) वित्तियसमानीकरण अनुदान	१५४०६५०४०	८.४		
९.२	ख) सशर्त अनुदान चालु	३१७७८७०००	८.५		
९.३	ग)सशर्त अनुदान पुँजीगत	८६२०००००	८.६	ग ६.1 स्थानीय तह प्रकोप व्यवस्थापन कोष	२३९१७९४
९.४	घ) समपूरक अनुदान पुँजीगत	८००००००	८.७	ग २.7 विविध खर्च खाता	२७०१३१५४
९.५	ङ) विशेष अनुदान पुँजीगत	१४२५००००	९	**मौज्दात**	१३८८६५८३२
१०	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	३५९९६०००	९.१	क) संचित कोष मौज्दात	९३७२५१४२
१०	क) वित्तिय समानीकरण अनुदान	११९९६०००	९.२	ख) नगद मौज्दात	
१०.२	ख) सशर्तअनुदान चालु	१००००००	१०	**अनुदान फिर्ता**	४०५५९८६२
१०.३	ख) सशर्त अनुदान पुंजीगत	१०५०००००	१०.१	संघ शसर्तअनुदान चालू फिर्ता	२६९०५६२१
१०.४	ग) समपुरक अनुदान पुंजीगत	१०५०००००	१०.२	संघ शसर्त अनुदान पुँजीगत फिर्ता	४४९२००६
१०.५	घ) विशेषअनुदान पुँजीगत	२००००००	१०.३	संघ समपुरक अनुदान पुँजीगत फिर्ता	१०००००
११	**अन्तरसरकारी तहबाटप्राप्त**	२६९५६०२०२	१०.४	संघ विशेषअनुदान पुँजीगत फिर्ता	३१५६९०२

११.१	क)सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम	२६४६५८१६२	१०.५	प्रदेश शसर्त अनुदानचालु फिर्ता	१००००००
११.२	ख)स्वास्थ्यक्षेत्र सुधारकार्यक्रम(चालु)	३२७०४९	१०.६	प्रदेश शसर्त अनुदानपूंजीगत फिर्ता	१३७८५०३
११.३	ग)स्वास्थ्यक्षेत्र सुधारकार्यक्रम(पूजीगत)	३४६५११३	१०.७	प्रदेश समपुरक अनुदान पुँजीगत फिर्ता	३१४४२००
११.४	घ)प्रादेशिक अस्पताल व्यवस्था सुद्दीकरण	४५७५२७	१०.८	प्रदेश विशेष अनुदान पुँजीगत फिर्ता	३८२६३०
११.५	ङ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघशशर्त अनुदान)	६५२३५१	११	गत बर्षको बढी अल्या	
१२	विभिन्न कोषतर्फको आय	४३७८४७५१	११.१	जनश्रमदान मौज्दात	
१२.१	**ग ५.१स्थानीय तह विविध कोषखाता**	३०९९०००	१२	धरौटी मौज्दात	२९३०८४९२
			१३	ग ५.१स्थानीय तह विविध कोषखाता	६४७८२२३
१३	ग ६.१स्थानीय तह प्रकोप व्यवस्थापन कोष	-	१३.१		
१४	ग २.7 विविध खर्च खाता	२५५४५३०९	१४	ग ६.१स्थानीय तह प्रकोप व्यवस्थापन कोष	९०३१२८८
१५	धरौटी आय	१५१४०४४२	१५	ग २.७ विविध खर्च खाता	३२२६८७
१६	**कुल जम्मा**	**१३०१७४३२५५**	१६	**जम्मा**	**१३०१७४३२५५**

३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू.२६,४६,५८,१६२/- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.४४,४४,५१३/- प्रादेशिक अस्पताल व्यवस्थापन सुदृढीकरण तर्फ रू.४,५७,५२७/- गरी जम्मा रू.२६,९५,६०,२०२/- सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ बैंक हिसाब

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) बमोजिम बैंक तथा श्रेस्ता बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
एन आई सि एशिया बैंक लि.	११२२०५२४९८२५१०१३	ग २.७, विविध खर्च खाता	३,२२,६८७.०२	३,२२,६८७.०२
एन आई सि एशिया बैंक लि.	११२२०५२४९८२५१०१०	ग ३.१, स्थानीय तह धरौटी खाता	२,९३,०८,४९२.००	२,९३,०८,४९२.००
एन आई सि एशिया बैंक लि.	११२२०५२४९८२५१००८	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	९,३७,२५,१४१.९०	९,३७,२५,१४१.९०
एन आई सि एशिया बैंक लि.	११२४१५००३९२१९००९	ग ५.१, स्थानीय तह विविध कोष खाता	६४,७८,२२२.६७	६४,७८,२२२.६७
एन आई सि एशिया बैंक लि.	११२२०५२४९८२५१००५	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	९०,३१,२८८.२६	९०,३१,२८८.२६
जम्मा			१३,८८,६५,८३१.८५	१३,८८,६५,८३१.८५

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रू.९९ करोड ५२ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८१।०३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.५१०२५९८५.०७ आम्दानी भएकोमा चालु तर्फ रु.५२ करोड ५७ लाख ४५ हजार र पुँजीगत तर्फ रु.२८ करोड ८६ लाख ३६ हजार समेत रु.८१ करोड ४३ लाख ८१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.२६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२८,९२,०००/- खर्च भएको छ, जुन आन्तरिक आयको २५ प्रतिशत रहेको छ ।पालिकाको कुल आम्दानी रकमको ६५ प्रतिशत चालु र ३५ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकासमा हुनुपर्ने उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २२६ योजनामा बजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजनासङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजनासङ्ख्या	कार्यान्वयन भएका योजनासंख्या	कार्यान्वयन नभएका योजनासंख्या
१	पालिकास्तरीय	९१	३४	३५	२२	९१	०
२	वडास्तरीय	१३५	०	३	१३२	१३५	०
जम्मा		२२६	३४	३८	१५४		

उपर्युक्त विवरण अनुसार २२६ वटा योजना मध्ये ५ लाखभन्दा न्युन योजना संख्या १५४ अर्थात ६८.१४ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म ३८ वटा अर्थात १६.८१ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला ३४ अर्थात १५.०४ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्युनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना बजेट छर्ने प्रबृत्ति अनुरुपको रहेको देखिन्छ। यसरी न्युन बजेटको योजना कार्यान्वयनले योजनाबाट प्रतिफल प्राप्त नहुन सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाइ हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण तथा छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

८ लक्ष्य प्रगति विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नियमानुसार जुनसुकै कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

योजना	कार्यक्रम/ योजना संख्या	यो बर्ष खर्च (हजारमा)	वार्षिकप्रगति स्थिति				
			शून्य प्रगती	२५%सम्मप्रगति	५०%सम्म प्रगति	७५%सम्म प्रगति	७५%भन्दा माथि
जम्मा	२२६	२८८६३६				२२६	

पालिकाको भनाई बमोजिम यस आ.ब मा संचालन भएका सबै योजनामा शत प्रतिशत प्रगति भएको छ ।

९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पालिकाले स्थानीय आवश्यकता समेत विश्लेषण गरी कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	क्षेत्रगत विवरण	बजेट	खर्च	कुल बजेटमा प्रतिशत
१	आर्थिक विकास	५४१६६२७०	४२७२८९९८	७९
२	सामाजिक विकास	५१२८५४३००	४७७२८०३८८	९३
३	पुर्वाधार विकास	२५५९१५९००	१६९८७७२१७	६६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१५६२१०००	११८५३१६३	७६
५	कार्यालय संचालन तथा प्रशासनिक	१५६७०४५३०	११२६४१५८६	७२

१० **त्रैमासिक खर्च विश्लेषण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	कुल खर्च रकम	८१४३८१	११५७७७	१६१५०९	१५५७९८	३८१२९५	२३२४९२
२	पूँजिगत खर्चतर्फ	२८८६३६	३०९८	१९३०	३४८४४	२०३५०१	१२८४२४
३	खर्चको तुलनामा प्रतिशत	७४	११	६	१२	७१	३३

• पालिका पुँजीगतमा रु.३९,०४,७२,०००।-विनियोजन भएकोमा खर्च जम्मा रु.२८,८६,३६,०००।- मात्र भएको देखिन्छ।जुन कुल बजेटको ७३.९२ प्रतिशत रहेको छ।

• खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको तुलनामा पालिकाको पहिलो त्रैमासिकमा ११% खर्च भएको, दोस्रो त्रैमासिकमा ६% खर्च भएको, तेस्रो त्रैमासिकमा १२% खर्च भएको, छ भने चौथो त्रैमासिकमा ७१% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्ष अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• असार महिनामा कुल खर्चको ३३ प्रतिशत खर्च भएको देखिन्छ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले समानुपातिक रुपमा खर्च गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

११ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५४२१६६१४२	५१०२५९८५	९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने तथा स्थानिय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रहि योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।पालिकावाट प्राप्त विवरण अनुसार नीति तथा कार्यक्रमलाइ बजेटले समेटेको मुख्य कार्यक्रम देहाय अनुसार रहेको छ।

क्र.सं.	नीति तथा कार्यक्रमका मूख्य व्यहोरा	नीति तथा कार्यक्रमलाई बजेटले समेटेको विवरण		
		बजेटको कार्यक्रम	विनियोजन रकम	खर्च रकम
१	कृषि यन्त्रीकरण कार्यक्रमलाई नियन्तरता दिईनेछ ।	५०% अनुदानमा पावर टिलर र मिनि टिलर वितरण कार्यक्रम	१२२०००००	९६७२१५०
२	सबै नगरवासीहरुलाई स्थानीय तहका आधारभूत अस्पताल र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट संविधानले प्रत्याभूत गरेको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रूपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ। भौगोलिक रूपमा स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायमा आधारभूत स्वास्थ्य सेवा विस्तार गरिनेछ।साथै आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक भौतिक संरचना औजार उपकरण र दक्ष स्वास्थ्य जनशक्तिको थप व्यवस्था मिलाई विभिन्न प्रकारका औषधि तथा खोप र प्रजनन स्वास्थ्य सम्बन्धी सामग्री निःशुल्क उपलब्ध हुने व्यवस्था मिलाइनेछ।	आकस्मित तथा आधारभुत स्वास्थ्य सेवाको लागी निःशुल्क औषधी तथा सर्जिकल समाग्री खरिदसाथै ढुवानी र प्याकपङ्ग समेतको खर्च	३५५००००	३५४९८०३
३	स्वास्थ्य सेवा सुदृढीकरण गरिने	स्थानिय तहका नगर अस्पतालस्वास्थ्य चौकीआधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत करार सेवाका कर्मचारीहरुको तलबभत्तापोषाक तथा चाडपर्व लागयतको खर्च	१४९७००००	१४६४६६८५
४	विधालयका प्र.अ. असल अभ्यास	२२५२२	२०००००	-
५	शिक्षक सिकाई सहयोग सामाग्री	३११२२	२८७०००	-

१३ तलबी प्रतिवेदन पारित नभएको

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्बर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तथा पालिकातर्फका स्थायी कर्मचारीको तलब भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिबेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिबेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले आ व २०८०।८१ सम्ममा ९० वटा ऐन, नियम, कार्यविधि स्वीकृत भएको र यो वर्ष ८ कानुन स्वीकृत भएको देखियो । उक्त कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन प्रतिबेदन गरेको देखिदैँन।

१५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।गत आ.ब बाट २७ वटा उजुरी जिम्मेवारी सरेको, यस आ.ब मा ७६ उजुरी परेकोमा ७१ वटा उजुरी फर्स्यौट भई ३२ वटा फर्स्यौट हुन बाँकी भएको विवरण पेश भएको छ ।

१६ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाबाट यस आ.व मा निम्नानुसारको सेवा प्रवाह भएको विवरण प्राप्त भएको छ । सेवा प्रवाह र कार्यसम्पादन सूचक पेश नभएकोले सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन । पालिकाले वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

विवरण	जम्मा
नागरिकता सिफारिस	१७४४
नाता प्रमाणित	९९४
व्यक्तिगत घटना दर्ता	१९८८३
अन्य सिफारिस	१३८७५

१७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ५६ वटा सहकारी संस्था रहेका मध्ये २ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला नगरेको र २२ वटा समस्याग्रस्त सहकारी संख्या रहेको पालिकाले जनाएको छ। पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ आन्तरिक आय तथा राजश्व

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असुल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

क्र.स.	राजश्वशिर्षक	२०७९/ ८०को असुली	२०८०/ २०८१कोअसुली	२०८१/ ८२कोअनुमान	२०८१/ ८२कोअसुली	बढी/ घटी२०८०/ ८१को तुलनामा
१	सम्पती कर	१३९२९३१	१७७३६०८	०	१७५८१६३	-०.८७
२	भुमिकर/ मालपोत	५६०४६३०	६१७१२९१	७५०००००	५७३३१७६	-७.१०
३	वहाल कर	१३२६७८१	९१८४०८	१००००००	९२७९३७	१.०४
४	वहालविटौरी कर	१५०५००८	४१६७१८५	१५०००००	१४११९३४	-६६.१२
५	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	१५७२३०	१५५६४३	२०००००	२२७९००	४६.४३
६	अन्य कर	१२६७९२	६११७९५	०	२३४६६३५	२८३.५७
७	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	११००	२२५००	२००००००	०	-१००.००
८	अन्यबिक्रीबाट प्राप्त रकम	०		०	४५२५९	
९	नहर तथा कुलो उपयोग वापतको शुल्क	०		०	५००	
१०	विद्युतसेवा शुल्क	५९४००	४४७००	०	४७७००	६.७१
११	अन्य सेवाशुल्क तथा बिक्री	०	९५२५०	०	८३६२८३	७७७.९९
१२	न्यायिकदस्तूर	२२५६७	७७७०	१२०००	६८६०	-११.७१
१३	शिक्षाक्षेत्रको आम्दानी	१००.००	०	०	३०००	
१४	परीक्षाशुल्क	३०००	६९३००	०	१३३४००	९२.५०
१५	अन्यप्रशासनिक सेवा शुल्क	१३७८०९९	१४६४७२६	४१२५०००	३००८९९८	१०५.४३
१६	नक्सापासदस्तुर	११५०५०	२६७६९२	१००००००	२१९८३१	-१७.८८
१७	सिफारिशदस्तुर	३६१००६६	३४६६७८४	४००००००	४३२५७६१	२४.७८
१८	व्यक्तिगतघटना दर्ता दस्तुर	१४००	०	३०००००	६६००	
१९	नाताप्रमाणित दस्तुर	२६२४१५	२२६८००	३०००००	२५७८००	१३.६७
२०	अन्यदस्तुर	१६६१५	२५०३९३	०	१०२८६	-९५.८९
२१	व्यावसायरजिष्ट्रेशन दस्तुर	०	५००.००	०	५००	०.००
२२	विद्युतसम्बन्धी दस्तुर	०	१२००	०	६००	-५०.००
२३	न्यायिक दण्ड जरिवाना रजफत	०	१९१५९	०	३७८०	-८०.२७
२४	प्रशासनिक दण्ड जरिवाना र जफत	२०४९६६४	१७९१४७	२००००००	१६९२३५१५	९३४६.७३
२५	धरौटीसदरस्याहा	०	१०८९	०	१५००००	१३६७४.१०

२६	अन्यराजस्व	१३३०३८	३१४५९७	६३०००	११३०७३८०	३४९४.२४
२७	व्यवसाय कर	७१४८९९	१२८६९३०	१२७२०००	११८६२००	-७.८३
२८	बेरूजू	३२६९२८	६०३०१	०	१४७५८७	१४४.७५
जम्मा		**१८८०७६१२**	**२१५७६२६९**	**२५२७२०००**	**५१०२७५८५**	**१३६.५०**

माथि उल्लिखित विववरण अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ मा १३६ प्रतिशत वढी राजश्व संकलन भएको देखियो। सो मध्ये प्रशासनिक दण्ड जरिवानामा मात्र रू.१,६९,२३,५१५/- तथा वेरुजु वापत रु १,४७,५८६ असुल भएको पाइयो । उक्त जरिवाना र जफत तथा वेरुजू बाहेक राजस्व संकलन रु ३,३९,५६,४८३ रहेको देखिन्छ । जुन ३४ प्रतिशतले गतवर्षको तुलनामा बढोत्तरी भएको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई राजश्व अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले जिन्सी निरीक्षणबाट लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने भनी औँल्याइएको मालसामानहरुको नियमावली बमोजिम जिन्सी गर्नुपर्दछ ।

२० योजना तथा वजेट कार्यान्वयन

योजना तथा बजेटमा सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२८करोड ८६लाख ३६ हजारको खरिद गुरुयोजना तयार नगरी खरिद व्यवस्थापन गरेको देखियो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रु.८ करोड ८ लाख ४४ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८ प्रतिशत हुने देखिन्छ। सुरु वजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ

२१ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• करार तथा ज्यालादारीमा ठुलो सङ्ख्यामा कर्मचारी भर्ना गरेको देखिन्छ। ज्यालादारीमा रहेको कर्मचारीलाई समेत कार्यालयको महत्वपुर्ण काम तथा शाखाहरुमा जिम्मा दिएको देखिन्छ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमनको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धीको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खर्च गर्ने मापदण्ड निर्धारण गरेको देखिएन। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश गरी स्पष्ट आधार तथा विवरण राखेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता तथा नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यन्वयन मार्गदर्शनले तोकेअनुसार बैंकखातामार्फत मात्र भुक्तानी दिनुपर्नेमा विभिन्न कर्मचारीले भुक्तानी लिई खर्च लेख्ने तथा खर्च गरी शोधभर्ना लिने गरेको देखियो।

• आन्तरिक आम्दानीको यथार्थमा आधारित अनुमान गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।

• शहरीकरण भैरहेका स्थानको पहिचान गरी फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा हालसम्म ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नर्म्स तयार गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार ठुलो रकम बेरुजु कायम रहेकोमा फस्यौटको लागि पर्याप्त पहल गरेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ शासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा १ अनुसार पालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिका र मातहतका कर्मचारीको दरवन्दी सहित सङ्गठन संरचना कायम गर्नु पर्ने, उपदफा ४, ८ अनुसार स्थायी र सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गरी तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपदफा १० अनुसार सभाबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ६ अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी आर्थिक दायित्व पर्ने विषयमा प्रदेश सरकारको सहमति लिई कार्यपालिकाले सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने, सोही ऐनको दफा ८ को उपदफा १ अनुसार सङ्गठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले तीस दिन भित्र प्रदेश किताबखानामा कार्य विवरण सहित पद दर्ता गराउनु पर्ने उल्लेख छ। साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ उपदफा १० अनुसार कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने उल्लेख छ। सोही व्यवस्था अन्तर्गत पालिकाले आर्थिक वर्ष २०८०।८१ मिति २०८१।०३।१० को निर्णयबाट नगर कार्यापलिका तर्फ ८०, कृषि तर्फ ४, पशु तर्फ ७, स्वास्थ्य तर्फ १०८ गरी कुल २०२ जनाको दरवन्दीको संगठन संरचना स्वीकृत गरी सोही अनुसार कार्यान्वियनमा छ। तर प्रदेशले जारी गरेको कानुन अनुसार प्रदेश सरकारबाट सहमति भने प्राप्त भएको देखिदैन।

२३ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, दफा ७७(२) आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०८१।८२ को खर्च तथा आम्दानीको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले ध्यान दिइ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२४ समग्र चालु खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

खर्च शिर्षक	यो वर्ष		गत वर्षको		खर्च वृद्धि (प्रतिशत)
	वजेट	खर्च	वजेट	खर्च	
पदाधिकारी सेवा सुविधा	१५००००००	१२८९२०००	१५००००००	१३००३०००	-१
पदाधिकारी भ्रमण	५२००००	५१६५९०	३०००००	२९१५५०	४४
पदाधिकारी इन्धन	१००००००	४१७८५८	१००००००	४८११३१	-१५
अतिथी सत्कार	५०००००	२५१३११	०	०	१००
इन्धन	३३५००००	२०८५३४३	३००००००	२१८५५१७	-५
मर्मत	४००००००	३०५८०७०	३३०००००	२७५५५३५	-१०
धारा पानी विधुत	१५०००००	१५०००००	१५०००००	९८४३८७	३४
विविध खर्च	१८८६५००	१६६१६७६	२६०००००	१७०९१४८	३
चालु खर्च जम्मा	२७७५६५००	२२३८२८४८	२६७००००००	२१४१०२६८	५

खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो ।

पदाधिकारीको भ्रमण, ईन्धन, बैठक तथा सेवा सुविधावापत पालिकाले यो वर्ष रू.१,३९,४५,५९८/- खर्च लेखेको छ।पालिकाले भ्रमण खर्च, इन्धन, बैठक लगायतका चालु प्रकृतिका खर्च लेख्दा आवश्यकता समेत बिश्लेषण गरी अनिवार्य रुपमा पुष्ट्याई हुने कागजात संलग्न गरेर मात्र खर्च लेखि मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२०,८५,३४३ खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

विविध खर्चः सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विविध खर्च तर्फ यस वर्ष रु.१६,६१,६७ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धीत कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष मर्मत शिर्षकबाट रु. ३०,५८,०७०/-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी

मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार गत आर्थिक वर्षको खर्च समेतको विश्लेषण गर्दा विविध खर्चमा २.८५ प्रतिशत, धारा पानी विद्युतमा ३४.३७ प्रतिशत, पदाधिकारी भ्रमणमा ४३.५६ प्रतिशत र समग्रमा ५.४२ प्रतिशत वढोत्तरी भएको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुक व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको मोविलाइजेशन पेश्की बाहेकको म्याद ननाघेको अन्य पेश्की बाँकी यो वर्ष देहाय बमोजिम रू. १७९६७४००/- रहेकोमा नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

सि.नं	कर्मचारी/संस्था/निर्माण व्यवसायीको नाम	कार्यक्रम वा ठेक्काको नाम	पेश्की रकम
१	किनारा टि बि जे भी	15 शैया आधारभुत अस्पताल भवन निर्माण	१०७०९६००
२	इभिना/प्रेमराज जे.भी.	शीतभण्डार निर्माण	५५८१८००
३	पौडेल विल्डर्स एण्ड कन्ट्राक्टर्स प्रा.लि.	भीम मार्ग स्तरोन्नती	१२७६०००
४	दिप निर्माण सेवा	वडा नं ८ वडा कार्यालय निर्माण	४०००००
जम्मा			१७९६७४००

२६ **म्याद नाघेको पेश्की**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,१२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

२७ **अध्ययन प्रतिवेदन र सफ्टवेयरको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरि वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले तपसिल बमोजिम अध्ययन प्रतिवेदन र सफ्टवेयर निर्माँण गरि भुक्तानी भएकोमा खर्च भएर नजाने शिर्षकमा जिन्सी दाखिला हुनुपर्नेमा खर्च भएर जाने अन्तर्गत दाखिला गरेकोले दीर्घकालिन रुपमा उपयोग गर्नुपर्ने अध्ययन प्रतिवेदन तथा सफ्टवेयरको सुरक्षा र उपयोग सुनिश्चितता नभएको देखिन्छ । नगरपालिकाले यस्ता प्रतिवेदन र सफ्टवेयरहरुलाई उपयुक्त वर्गिकरणमा दाखिला गरी दीर्घकालिन उपयोग र संरक्षणको प्रबन्ध गर्नुपर्दछ ।

क्र.सं.	अध्ययन प्रतिवेदन तथा सफ्टवेयरको विवरण	जिन्सी दाखिला मिति	भुक्तानी रकम	गो.भौ.न र मिति
१	थारु जातिको तिहार बिशेष दिवाली पर्वाको संरक्षण सम्बन्धी डकुमेन्ट्री निर्माण	२०८१।०९।१२	२३००००	३६१।२०८१।०९।१६
२	वडा नं ७ को डकुमेन्ट्री निर्माण	२०८२।०३।११	९९९९५	९९१।२०८२।०३।१२
३	बारबर्दिया न.पा को ऐतिहासिक स्थानको डकुमेन्ट्री निमार्ण	२०८२।०३।१३	९६०००	१०७९।२०८२।०३।१५
४	नगरपालिकाको परिचय डकुमेन्ट्री निर्माण	२०८२।०३।१७	१९५०००	११८४।२०८२।०३।१७
५	बालसंरक्षण केन्द्रको भिडियो डकुमेन्ट्री निर्माण	२०८२।०३।२०	७९६६५	१२३६।२०८२।०३।२०
६	विष्णुधनी बहुप्राविधिक शिक्षालयको वृत्तचित्र निर्माण	२०८२।०३।१७	२५००००	१२९९।२०८२।०३।२३
७	मोबाइल एप्स निर्माण	-	१६००००	९३३।२०८२।०२।३०
जम्मा			**१११०६६०**	

२८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैंन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ ।कार्यालयले रु.१५,६२,९८५/- मूल्य बराबरको मसलन्द सामाग्री खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गो.भौ.नं/मिति	विवरण	सप्लायार्स	भुक्तानी रकम
४१।२०८१।०६।१४	मसलन्द सामाग्री खरिद	आर एन सप्लायर्स	८८१००
२६९।२०८१।०८।१६	मसलन्द सामाग्री खरिद	प्रेक्षा बुक्स एण्ड स्टेशनरी	८५८००
२८३।२०८१।०८।१७	मसलन्द सामाग्री खरिद	प्रेक्षा बुक्स एण्ड स्टेशनरी	९२१००
४३०।२०८१।१०।०९	मसलन्द सामाग्री खरिद	सदाशिव पेन्टस एण्ड प्रिन्टर्स	३९५०००
४५४।२०८१।१०।२४	मसलन्द सामाग्री खरिद	भण्डारी फेन्सी स्टोर्स	१९८००
५४९।२०८१।११।११	मसलन्द सामाग्री खरिद	सदाशिव पेन्टस एण्ड प्रिन्टर्स	९०४००
७१५।२०८२।०१।२२	मसलन्द सामाग्री खरिद	हाई टेक प्रिन्टिङ्ग प्रेस	९८०८०
७८३।२०८२।०१।३०	मसलन्द सामाग्री खरिद	विष्णु ज्ञवाली किराना पसल	५८९४५
१०२६।२०८२।०३।१३	मसलन्द सामाग्री खरिद	सदाशिव पेन्टस एण्ड प्रिन्टर्स	१९५५०
१०३१।२०७२।०३।१३	मसलन्द सामाग्री खरिद	मनकामना हार्डवियर्स	४८७४५
१०४६।२०८२।०३।१४	मसलन्द सामाग्री खरिद	प्रगति ट्रेडिङ एण्ड जनरल अर्डर सप्लायर्स	५३५९५५
१२०४।२०८२।०३।१८	मसलन्द सामाग्री खरिद	लजिक इन्फोटेक	३०५१०
जम्मा			**१५६२९८५**

२९ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको अनुत्पादक क्षेत्रमा समेत खर्च लेखेको देखियो । अत: आन्तरिक आय समेतको विश्लेषण गरी खर्च गर्नुपर्ने तथा यस्तो प्रकारको अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३० **वडा नं ८ कार्यालय भवन निर्माण ठेनं ३०।०८०।०८१**

यस निर्माण कार्यको लागि मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ५३,५१,१२२/- मा दीप निर्माण सेवा गुलरियासँग मिति-२०८१।१।२१ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अवधी अनुसार मिति २०८१।१२।२८ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

३०.१ न्युन प्रगति:- यस आर्थिक वर्ष प्रथम रनिङ विलको मुल्याँकन गरी अध्यावधिक भुक्तानी रु ११,४२,९९७ भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्मको वित्तीय प्रगति २१.३५ प्रतिशत मात्र भएको देखियो ।

३०.२ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने ब्यवस्था छ । निर्माण कार्यको लागि नगर कार्यपालिकाको मिति २०८२।६।२९ को निर्णयअनुसार मिति २०८२।१०।३० सम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ।म्याद थपको बखत स्पष्ट रुपमा प्राविधिक पुष्ट्याईं तथा आवश्यकता समेत विश्लेषण गरि प्राबिधिक प्रतिबेदन समेत संलग्न गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३०.३ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टी गर्न सुरु गरिने तथा ८० प्रतिशत कार्य सम्पन्न भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।निर्माण व्यवसायीको रनिङ विल अनुसार २१.३५ प्रतिशत मात्र कार्य पुरा भएको देखिएको तथा गतविगतमा रु ४,००,००० पेश्की भुक्तानी भएको पालिकावाट विवरण प्राप्त भएकोमा सम्झौताको सर्त तथा सार्वजनिक खरिद नियमकानुन अनुसार फछ्यौट गर्नुपर्ने देखिन्छ।

३१ **लागत अनुमान तथा दर बिष्लेषण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स भएको नदेखिएको र लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ फरक फरक नर्म्स प्रयोग भएको देखिएको, सम्वन्धित कार्यको लागी सम्बन्धित विभाग अन्तर्गतको नर्म्स नभइ फरक नर्म्स प्रयोग भएको (सडक, भवन , सिचाइ,) देखिएको छ।

जिल्ला दररेटमा वालुवा,ग्राभेल तथा गिट्टीको विभागिय नर्म्स अनुसार हुने उल्लेख भएकोमा लागत अनुमानमा प्रयोग गर्दा प्रतिआइटम दरको आधार उल्लेख गरेको देखिएन।

निर्माण कार्य गर्दा नम्स प्रयोगमा एकरुपता हुनुपर्ने तथा सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नम्स प्रयोग गर्नुपर्ने तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती, बैज्ञानिक तथा गुणस्तरीयता समेत कायम हुने नम्स प्रयोग गर्नुपर्दछ ।

३२ **बढी भुक्तानी** (35-2081-08-20):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१६८,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३३ **विमा प्रमाण नभएको** (10-2081-06-16):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **७६,८४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो कार्य गराउँदा लागत अनुमान रू. १७,९४,१९१ को तयार भएको र रू. १७,७९,१९३/- सम्झौता गरी पेश भएको विल अनुसार रू. १७,७९,१७९/- खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन ।

शिर्षक	मिति	भौन	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	परामर्शदाता
पालिका पुजीगत	१२/०६/२०८१	१८	१५ वेड अस्पताल डिपीआर खर्च	१२९९७३७	१२९३७७९	१२९३७७९	प्रोसेस इन्जिनियरिङ सर्भिस प्राली
पालिका चालु	०८/१६/२०८१	२७०	बबई नदिका विभिन्न घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी कार्य अगाडि बढाउने प्रयोजनका लागि प्रारम्भिक वातावरणिय प्रतिवेदन (IEE)	४९४४५४	४८५४१४	४८५४००	एण्ड एकन्सल्टेन्सी
				१७९४१९१	१७७९१९३	१७७९१७९	

परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को स्पष्ट आधार संलग्न गरेको देखिएन। विभिन्न नम्स लिएको देखिएकोमा सम्बन्धित कार्यको लागि उस्तै प्रकृतिको नम्सको आधार लिनुपर्ने देखिन्छ। लागत अनुमान यथार्थपरक तयार गरेको सम्बन्धमा स्पष्ट नुहने खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

·कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो साथै कार्यालयभन्दा बाहिरका कर्मचारीबाट परामर्श सेवा लिनपर्ने कारण सम्बन्धमा निर्णय गरेको देखिएन ।

३५ **बजेट कार्यान्वयन मार्गदर्शन अनुसारको खरिद व्यवस्थापन नभएको**

लुम्बिनी प्रदेश सरकार आर्थिक योजना तथा मामिला मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शनको वुंदा (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट अनर्गत सि. नं २. मा प्रदेश सरकारको स्रोतमा देखा परेको चापको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिष्पर्धा

गराएर मात्र कार्यक्रम कार्यान्वयन गराउनुपर्ने उल्लेख छ। पालिकामा प्रदेशस्तरीय योजनामा विनियोजित वजेटवाट प्रतिस्पर्धात्मक तवरवाट खरिद गर्नुपर्नेमा नमुना छनौट गरि परीक्षण गर्दा देहायको योजनामा ३ दरभाउपत्र संलग्न गरी सोझै खरिद गरेको देखियो । पालिकाले सम्बन्धित निकायको वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सो अनुसारको कार्यविधि तथा निर्देशिका पालना गर्नेतर्फ नगरेको देखियो । अत: बजेट कार्यान्वयन मार्गदर्शनको पालना नभएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

मिति	भौन	योजनाको नाम	योजनागत वजेट	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	निर्माण व्यवसायी
०३/१६/२०८२	२१	फत्तेपुर मिल-बैरिया जाने सडक स्तरोन्नती	१० लाख	९९९८८७	९९८९५६	९९६२००	मिना कन्सट्रक्सन
०३/१८/२०८२	२२	भंगहा टोल सडक स्तरोन्नती कार्य	१० लाख	९९९९२६	९९९०६८	९९०६७०	डेविट निर्माण सेवा
				१९९९८१३	१९९८०२४	१९८६८७०	

अनियमित भएको	१९,८६,८७०

३६ **धधवार वडा नं १० मा बर्थिङ सेन्टर निर्माण कार्य (ठे.नं २४।०८०।०८१)**

यस निर्माण कार्यको लागी मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ७९,६१,३८० /- मा चन्द्रविन्दु विल्डर्स प्रा.लि काठमाडौंसंग मिति २०८१।१।२५ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८१।१२।२९ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

३६.१ न्युन प्रगति:- यस आर्थिक वर्ष दोश्रो रनिङ विलको रु १६,१२,९५९ मुल्याँकन गरी अध्यावधिक भुक्तानी रु २२,८९,९४० भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्मको वित्तिय प्रगति २८.७६ प्रतिशत मात्र भएको देखियो ।

३६.२ पुर्वनिर्धारित क्षतिपुर्ति :- सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । यस खरिद सम्झौताको म्याद थप नभएको तथा प्रगति समेत न्युन रहेको देखिएकोले नियमानुसार क्षतिपुर्ति लगाइ कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

३६.३ विमाको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार विमा गर्नुपर्ने , तथा सम्झौताको GCC १९.१ मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख छ । निर्माण व्यावसायीलाइ विमा लगायतको कार्यको प्रोभिजनल सम रु ५,००,००० को व्यवस्था भएकोमा रनिङ विलमा रकम समावेश गरी भुक्तानी दिएको नदेखिएको तथा पोलिसी समेत संलग्न भएको देखिएन। खरिद नियमावली तथा सम्झौताको सर्त अनुसारको बिमा पोलसिको म्याद हुनुपर्ने देखिन्छ ।

३६.४ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतको GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टि गर्न सुरु गरिने तथा ८० प्रतिशत कार्य सम्पन्न भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।खरिद सम्झौताको म्याद मिति २०८३।०२।३० सम्म कायम भएको देखिएकोमा कार्यालयको अभिलेख अनुसार रु ८ लाख पेश्की वाँकी रहेको जानकारी प्राप्त भएकोमा सम्झौताको सर्त तथा सार्वजनिक खरिद नियमकानुन अनुसार फछ्यौट गर्नुपर्दछ।

३७ **भिम मार्ग सडक कालोपत्रे कार्य (४।०८०।०८१)**

थप आर्थिक व्ययभार

(19-2081-06-21):

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३१० १(A) अनुसार अनुसार कालोपत्रे सडकमा प्रयोग हुने प्रिमिक्स कार्पेटिङ २० एमएम उचाइसम्मको गर्ने गरी तोकेकोमा सो भन्दा बढी ४० एम.एम. उचाई राखी पालिकाले भुक्तानी दिएको छ । प्रिमिक्स कार्पेट वापत १६८.६७ .मी. को प्रति घ.मी. रु १४,०००।०० का दरले रु २३,६१,३८०।०० भुक्तानी भएको छ । प्रिमिक्स कार्पेट कार्यको २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार नापी नगरी ४० एमएम प्रिमिक्स कार्पेट गर्दा पालिकालाई मुल्य अभिबृद्धि कर समेत रु १३,३४,१७९ थप आर्थिक व्ययभार परेको रु......

अनियमित भएको	१३,३४,१७९

३८ **बानियाभार वडा नं ३ मा बर्थिङ सेन्टर निर्माण कार्य (२५।०८०।०८१)**

यस निर्माण कार्यको लागि मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ८०,५९,३७४ /- मा चन्द्रविन्दु विल्डर्स प्रालि काठमाडौंसँग मिति २०८१।१।२५ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८१।१२।२९ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

३८.१ (56-2081-10-08):
न्युन प्रगति:- यस आर्थिक वर्ष दोश्रो रनिङ विलको रु २७,६०,८२६ मुल्याँकन गरी अध्यावधिक भुक्तानी रु ४१,६१,४७३ भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्मको वित्तिय प्रगति ५१.६३ प्रतिशत मात्र भएको देखियो ।

३८.२ पुर्वनिर्धारित क्षतिपुर्ति :- सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने व्यवस्था छ । यस खरिद सम्झौताको म्याद थप नभएको तथा प्रगति समेत न्युन रहेको देखिएकोले नियमानुसार क्षतिपुर्ति लगाइ कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

३८.३ विमाको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार विमा गर्नुपर्ने , तथा सम्झौताको GCC १९.१ मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख छ । निर्माण व्यावसायीलाइ विमा लगायतको कार्यको प्रोभिजनल सम रु ५,००,००० को व्यवस्था भएकोमा पहिलो रनिङ विलमा रु ९,९०,०० कट्टी गरेको देखिएकोमा नियमानुसार कार्यस्वीकार मिति जारी भएको अबधिदेखि खरिद नियमावली तथा सम्झौताको सर्त अनुसारको बिमा पोलसिको म्याद हुनुपर्ने देखिन्छ ।

३८.४ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतको GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टी गर्न सुरु गरिने तथा ८० प्रतिशत कार्य सम्पन्न भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।खरिद सम्झौताको म्याद मिति २०८२।११।३० सम्म कायम भएको देखिएको तथा कार्यालयको अभिलेख अनुसार रु ७ लाख पेश्की वाँकी रहेको जानकारी प्राप्त भएकोमा सम्झौताको शर्त तथा सार्वजनिक खरिद नियमकानुन अनुसार फछ्यौट गर्नुपर्दछ।

३९ **विपद व्यवस्थापन कोष:-**

३९.१ पालिकामा विपद व्यवस्थापन कार्यको लागी विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न वनेको कार्यविधि २०७५ को व्यवस्था रहेको छ । यस शिर्षक अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु २६,९१,७९४ भुक्तानी गरेको दखियो । सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

• कार्यविधिको बुंदा नं ८ मा राहत सहायता वितरण तथा मापदण्ड सम्वन्धमा व्यवस्था रहेकोमा राहत उपलव्ध गराउंदा मापदण्ड तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन। लाभग्राहीको निवेदन संलग्न गरी विपदजन्य कार्यमा आर्थिक सहयोग गरेको देखियो। विपद वापतको रकम भुक्तानी गर्दा लाभग्राहीको आर्थिक स्थिति समेतको आधारमा मापदण्ड निर्धारण गरेको नदेखिएकोले यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखन्छ ।

• कार्यविधिको बुंदा नं १२(४) मा पालिकाले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गराउनुपर्नेमा सो कार्य गरेको देखिएन। कार्यविधिको व्यवस्था अनुरुप कार्य गरी वितरणमुखी कृयाकलपाको पारदर्शिता, पहुँचता लगायतको बिषयमा पालिकाले ध्यान दिनुपर्दछ।

• कार्यविधिको बुंदा नं १७ मा समितिको कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नुपर्ने व्यवस्था रहेकोमा गत विगत देखि वितरण भएका लाभग्राहीहरुको अभिलेख व्यवस्थित राखेको देखिएन। यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

३९.२ विपद व्यवस्थापन समितिको निर्णय संलग्न नभएको:- पालिकाले तयार गरेको विपद् व्यवस्थापन कोष (सञ्चालन) र स्रोत परिचालन कार्यविधि, २०७५ को बुंदा नं ७ अनुसार कोषको रकम खर्च गर्न समितिको निर्णय लिनुपर्ने , उपबुंदा २ मा समितिको बैठक वस्न नसक्ने अबस्थामा खर्चपश्चात अनुमोदन गराउनुपर्ने तथा बुंदा नं ९ मा कोषको रकम खर्च लेख्न नमिल्ने क्षेत्रहरु तोकिएको देखियो। ऐ. कार्यबिधिको बुंदा नं ९ को (च) मा आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्न, गराउन, नमिल्ने उल्लेख छ ।नमुना छनौट गरि परीक्षण गर्दा आकस्मिक रुपमा आवश्यक भएको व्यहोरासहितको टिप्पणी संलग्न गरी ग्राभेल तथा मर्मत कार्य गराएको देखिएकोमा विपद व्यवस्थापन समितिवाट अनुमोदन गराएको देखिएन ।अत: कार्यविधि अनुरुप समितिवाट अनुमोदन गराएर मात्र खर्च लेख्नुपर्ने देखियो ।

मिति	भौन	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	निर्माण व्यवसायी
०३/१९/२०८२	७६	८ नं.वडाको बाटो मर्मत संभार	२४०५३०	२३८९९५	२३८०१५	सक्षम निर्माण सेवा
०३/२०/२०८२	७९	पदनाहादेखि वैरिया जाने बाटो शिव प्रा वि नजिक सडक ग्राभेल	२४२००६	२४०२४०	२३९७४०	केसी कन्सट्रक्सन
०३/२०/२०८२	८०	४ नं. वडा खैरेनीपुर मेन रोड रुपाको घरसम्म सडक ग्राभेल	१८५८१७	१८४३०७	१८२६१५	केसी कन्सट्रक्सन
०३/२४/२०८२	१४०	वडा नं ६ र १० जोड्ने रामलक्ष्मण भट्ट निर ओराली पुल मर्मत	३२१४२६	३२०३२३	३११७००	शौरभ कन्सट्रक्सन
०३/२४/२०८२	१४१	वडा नं ९ खैरेनी जुम्ली टोल नवनिर्मित कल्भर्टमाथि बोरामा माटो पटानी	५२७७५	५२७७५	५१७००	महाकाली समैजी निर्माण सेवा
			१०४२५५४	१०३६६४०	१०२३७७०	

४० कन्टेन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाप तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कन्जेन्जेन्सी खर्च सम्बन्धि कार्यविधि तयार गरेको छैन । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टेन्जेन्सीतर्फ ३ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको योजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । कन्टिन्जेन्सी शिर्षकवाट खाजाखाना, अनुगमन खर्च, कार्यालय सामान खरिद , व्यवस्थापन खर्च लगायतमा खर्च लेखेको देखियो । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन ।

कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालु खर्च शिर्षकका खर्चहरु समेतलाई पूंजीगत वजेट शिर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे वमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ । कार्यालयले ठेक्कागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको, नापी कितावमा प्रविष्टि नगरेको, सवारी इन्धनको सवारी साधनगत अभिलेख पाम्समा नराखिकनै कन्टिन्जिन्सी बापतको रकम खर्च गरेको देखिएकोले कार्यालयले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरि खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

४१ क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०८१।०८२ मा छनौट गरिएका योजना कति सम्पन्न भए,

कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सो को अभिलेख राखेको छैन । पालिकाले वडा भवन मर्मत/भवन निर्माण, सडक निर्माण , सिचाइ, कच्ची सडक निर्माण लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामी वर्षहरुमा पुन: क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुनसक्ने देखिन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकीन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।केही उदाहरणहरु :-

बजेट कम्पोनेन्ट नं	योजनाको नाम	बजेट	खर्च
६८२.२१.१.७८०	जब्दहवा गाँउको अधुरो मन्दिर निर्माण	३००	२८९
६८२.२१.१.७७०	जनज्योति प्रा वि औरी अधुरो कम्पाउण्ड निर्माण	५००	४८३
६८२.२१.१.८६	ढकेलामा अधुरो झलुङ्गे पुल निर्माण	३४००	४८८
६८२.२१.१.८०	अधुरो बारबर्दिया थनुवा निर्माण खर्च	२१००	९२६
६८२.२१.१.७९१	प्रसहवा अधुरो भवन निर्माण	५००	४०९
६८२.२१.१.२०५	राम कुमार थारुको घरदेखि इतवारी थारुको घर सम्म अधुरो सडक स्तरोन्नती	३००	२८८
६८२.२१.१.२०२	जलजला दिपज्योति अधुरो तारजाली र गेट निर्माण	१५०	१४४
६८२.२१.१.२७९	नगर अस्पताल देखि दुल्ली पकडिया जोड्ने अधुरो सडक स्तरोन्नती	५००	४६६

४२ अभिलेख व्यवस्थापन

लुम्बिनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षीत रुपले राख्ननुपर्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायीवाट कार्य गराउंदा केहि खरिद सम्झौताको सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढाँचामा सम्झौता नगरी दुइपाने खरिद सम्झौता गरेको, खरिद सम्झौतामा म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण , विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । योजना तथा खरिद व्यवस्थापन गर्दा तोकिएको ढाँचा अनुसार general तथा special conditions सहितको प्रावधान राख्नुपर्ने, प्रमाण कागजातहरु व्यवस्थित रुपमा राख्नुपर्ने जस्तो बेहोराहरु देखिएका छन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

४३ उपभोक्ता समितिवाट खरिद व्यवस्थापन

पालिकाले यस वर्ष संचालित भएका केहि निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिको आमभेला गठनको लागी प्रस्तावको सुचना संलग्न , आमजनले पेश गरेको प्रस्ताव लगायतको कागजातहरु पेश गरेको देखिएन। विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिने प्रमाणकागजातहरु व्यवस्थित गर्नेतर्फ ध्यान दिनपुर्ने देखियो ।

• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरि परीक्षण गरिएका पालिकावाट संचालित आयोजनाहरुमा उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• उपभोक्ता समितिको योजनाहरुमा पेश गरेको ग्राभेल ,माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा केही योजनाहरुमा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका सम्पुर्ण योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिको न्युन योगदान – उपभोक्ता समितिको लागत साझेदारी सम्बन्धमा पालिकावाट निर्णय भएको प्राविधिक शाखावाट जानकारी प्राप्त भएकोमा श्रेस्ता परीक्षणको अधिकाँश सम्झौतामा उपभोक्ता समितिको योगदान १० प्रतिशत मात्र राखी सम्झौता गर्ने निर्णय गरेको र सोही अनुसार भुक्तानी गर्ने गरेको देखियो । न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सडक, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । नमुना छनौट अनुसारको परीक्षण गर्दा लाभग्राही समुदायवाट गरिएको योजनाहरुको गुणस्तर परीक्षणको प्रमाण श्रेस्तासाथ संलग्न गरेको देखिएन। निर्माण कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत गरी अनुगमन प्रतिवेदन संलग्न गरेर मात्र निर्माण

कार्यको भुक्तानी हुनुपर्ने देखिन्छ । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाइ गरिएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• उपभोक्ता समितिवाट कार्य गराउंदा भरपाइ मार्फत सामाग्री खरिद गरेको विवरण संलग्न भएकोमा गिटी वालुवा ढुंगा लगायतको सामाग्रीको रोयल्टी तिरेको प्रमाण संलग्न गरेको छैन । यस सम्बन्धमा पालिकाले ध्यान दिइ खर्चको सम्पुर्ण प्रमाणकागजातहरु संलग्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।

• नमुना छनौट अनुसारको परीक्षणमा उपभोक्ता समितिलाइ रनिङ विल तथा कार्यसम्पन्न वापतको भुक्तानीमा पेश भएकोमा कागजातमा उपभोक्ता समितिको प्रमाणीत छाप तथा दस्तखत संलग्न भएको देखिएन। यस सम्वन्धमा ध्यान दिइ उपभोक्ता समितिवाट प्रमाणित गराइ थप जिम्मेवार वनाइ प्रमाणकागजात ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **अन्तिम भुक्तानीमा कार्यस्वीकार नभइ कार्यसम्पन्न प्रतिबेदन तयार गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य,आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सो को स्वीकार प्रतिबेदन तयार गर्नुपर्ने तथा नियम १२५ (२) मा त्रुटी सच्याउने अबधि समाप्त भएपश्चात कार्यसम्पन्न प्रतिबेदन तयार गर्नपर्ने व्यवस्था छ ।पालिकाले खरिद सम्झौता गरी सम्पन्न भएका निर्माण कार्यको अन्तिम भुक्तानी साथ कार्यसम्पन्न प्रतिबेदन तयार गरेको देखियो । अत: नियमकानुनको परिपालना गरी अन्तिम भुक्तानीको बखत नियमानुसार कार्यस्वीकार प्रतिबेदन तयार गर्नुपर्ने देखिन्छ ।

४५ **एजविल्ट नक्साको प्रावधान नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद सम्झौता गरि कार्य गर्दा जटिल प्रकृतिको भवन निर्माण, पुल लगायतको संरचना निर्माणमा एजविल्ट नक्साको प्रावधान राखेको देखिएन। जटिल संरचना कार्यमा एजविल्ट नक्सा समेतको प्रावधान राखि तोकिएको ढाँचामा खरिद सम्झौता गर्नुपर्ने देखिन्छ।

४६ **खरिद व्यवस्थापन**

४६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, नियम७ मा गुरुयोजना तयार गर्नपर्ने , सम्भावित प्याकेज तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ ।

४६.२ कोटेशनबाट खरिद:- नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले विभिन्न योजनाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ तथा नियमाबली ८५ को उपनियम १(क) बमोजिम हुने भनी कोटेशनवाट खरिद गरेको छ । पालिकाले खरिद सम्झौता गर्दा केहि कार्यको सम्भावित प्याकेज तयार गरेको देखिएतापनि नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको १५ वटा निर्माण योजनाहरुमा रु ७३ लाख ४९ हजारको लागत अनुमानमा रु ७२ लाख २२ हजारको खरिद सम्झौता गरी मुल्याँकनको आधारमा ६९ लाख ३६ हजार भुक्तानी गरेको देखियो । यसरी लागत अनुमानको तुलनामा अधिकांश योजनामा १ प्रतिशत भन्दा न्युन मात्र घटेर सम्झौता भएको देखियो । लागत अनुमानकै हाराहरीमा खरिद सम्झौता भएको खरिद कार्य मितव्ययी देखिदैन । सम्भावित प्याकेज समेत तयार गरि प्रतिस्पर्धात्मक तवरवाट खरिद कार्य हुनपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ४६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४६.३ सम्भावित प्याकेज तयार नगरी सोझै खरिद:- नमुना छनौट गरि परीक्षण ९ बटा कम्पोनेन्टमा रु १ करोड २ लाख ५० हजार बजेट विनियोजन भएकोमा ४५ पटकको कारोवारमा ७३ लाख ५६ हजार खर्च लेखेको देखियो । निम्नानुसारको कम्पोनेन्टमा विनियोजित वजेटमा एकमुष्ट प्रतिस्पर्धात्मक पद्दतिवाट खरिद नगरि पटकपटक तथा शिर्षकगत रुपमा खर्च लेखेको व्यहोरा सहितको टिप्पणी अनुसार ३ वटा दरभाउपत्र संलग्न गरी ३८ पटकको कारोवार अनुसार सोझै खरिद गरेको देखियो । एकै प्रकृतिको कार्यमा समेत विनियोजित बजेट तथा प्याकेज अनुसार प्रतिस्पर्धात्मक तवरवाट खरिद नगरेकोले खरिद कार्य नियमसम्मत देखिंदैन। यस्तो प्रकारको एकै प्रकृतिको कार्यमा वजेट बिनियोजनको बखत नै खरिद योजना तयार गर्नुपर्ने, एकमुष्ठ रकम विनियोजन गरी प्रतिस्पर्धात्मक तवरवाट गुणस्तरियता समेतको परिपालना गरी सार्वजनिक खरिद कानुनको परिपालना गरी खरिद व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्नेमा सो अनुरुप खरिद व्यवस्थापन नभएको नियमसम्मत नदेखिएको रु

कम्पोनेन्ट नं	योजनाको नाम	बजेट रकम	खर्च रकम	कारोवार पटक
६८२.२१.१.१११	वडा कार्यालयका लागि फर्निचर फिक्चर्स र मेशिनरी औजार खरिद	२००००००	१७८००००	५
६८२.२१.१.७९०	नगर सभाहलका लागि फर्निचर तथा फिक्चर्स खरिद	९०००००	८३५०००	१
६८२.२१.१.१२८	फर्निचर तथा फिक्चर्स	२१०००००	१५६७०००	९
६८२.२१.१.१०२	मेशिनरी तथा औजार खरिद	४००००००	२१०८०००	२३
		९००००००	६२९००००	३८

अनियमित भएको	६२,९०,०००

४७ **ग्राभेल तथा माटो पुर्ने कच्ची प्रकृतिको कार्य गराएको**

पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा यस वर्ष केही योजनाहरु माटो तथा ग्राभेलको कार्य हुने गरी छनौट तथा कार्यान्वियन गरेको छ। यसरी कार्य गराउँदा रोलिङ, ग्रेडिङ , लेभलिङ समेतको दर समावेश गरी तयार भएको दर विश्लेशण अनुसार ग्राभेलको नापी परिमाण संलग्न गरि भुक्तानी दिएको छ। नमुना छनौट गरि परीक्षण गर्दा १५ योजनाहरुमा ८४ लाख ११ हजारको लागत अनुमानमा सोही अनुसार सम्झौत गरी ५० लाख ३३ हजारको मुल्यांकन संलग्न गरी ४० लाख ४ हजार भुक्तानी दिएको देखियो । लागत अनुमान अनुसारकै नापी संलग्न भएको देखिएतापनि केहि योजनाहरुको रोलिङ, ग्रेडिङ , लेभलिङ लगायतको कार्यको पुष्टि गर्ने पर्याप्त प्रमाण तथा तस्विरहरु श्रेस्तासाथ समावेश गरेको देखिंदैन । माटो तथा ग्राभेलको कार्य प्रत्येक वर्ष गर्दा योजनाको स्थान दोहोरिन सक्ने, आन्तरिक नियन्त्रण प्रणाली कमजोर भइ वढि भुक्तानी हुन सक्ने तथा दिर्घकालिन तथा टिकाउपना समेत नहुने हुनाले पालिकाले योजना छनौट तथा कार्यान्वियन गर्दा ध्यान दिनुपर्ने र पूर्वाधार निर्माण तर्फ कार्य गर्दा कच्ची भन्दा पक्की प्रकृतिको संरचनाको योजना छनौट गर्नुपर्ने देखिएको छ । नमूना छनौट गरी परिक्षण गर्दा यसवर्ष ग्राभेल तथा माटो पुर्ने कार्यमा भएका भुक्तानीहरु देहाय अनुसार रहेका छन्:-

मिति	भौन	योजनाकोनाम	लागतअनुमन	सम्झौतारकम	भुक्तानीरकम
११/०८/२०८१	७३	अर्जुनथारुको घरदेखि डोङ्ला थारुको घरसम्म सडक स्तरोन्नती	१८१९४१	१८०२८१	१४४१७०
११/०८/२०८१	७२	मेरैयाडफैया अधुरो बाटो नि	२४२८०४	२४१७७२	१९३१७५
०१/२१/२०८२	११३	विष्णुथारुको घरदेखि गज्जु थारुको घरसम्म सडक स्तरोन्नती	३६४११७	३६०९३३	२८८४५५
०१/२१/२०८२	११४	राम कुमारथारुको घरदेखि इतवारी थारुको घरसम्म अधुरो सडक स्तरोन्नती	३६७९१७	३६५०११	२८८७०५
०१/२८/२०८२	१२३	जोधीपुरटोल स८क स्तरोन्नती	२४२५४१	२४२२२०	१९३७२५
०१/२८/२०८२	१२५	गुमुतानयाँ बाटो ग्राभेल नि	२७७५४९३	१६४५०६	१३०३२०
०१/२८/२०८२	१२८	जमुना टोलसडक स्तरोन्नती नि.	३६३७६३	३६३४२२	२९०७२५
०२/१२/२०८२	१५४	थानफेनास्वास्थ्य केन्द्रदेखी छोटेलाल थारुको घरसम्मको सडक स्तरोन्नती	४८५६१९	४४४७२०	३५५३२०
०२/१८/२०८२	१६०	जितपुरबाटो स्तरोन्नती	२५१४४८	२३८९३३	१८४३४०
०३/०६/२०८२	२००	कर्णबहादुरको घर-माछा पोखरी सलामीको घर जोड्ने बाटो	६१२०५४	५९५१४१	४७१५९५
०३/१६/२०८२	२५०	लले सारुकोघरदेखि वडा नं. ७ को सिमानासम्म राजकुलो पारी सडक स्तरोन्नती	६०७३९२	४४२३६८	३५३२२५
०३/१६/२०८२	२५२	८ नं. वडाकार्यालयको दिपक थापाको घरदेखि वडा नं. ७ सिमानासम्म सडक स्तरोन्नति	४८६१६१	२४६१८२	१९६४७९
०३/१६/२०८२	२५४	६ नं. वडाकार्यालयको नगर अस्पतालदेखि दुल्लिपकडिया जोड्ने अधुरो सडक स्तरोन्नति	६१०४३२	५८६६७५	४६६१२४
०३/१७/२०८२	२६०	४ नं. वडाकार्यालयको गुरुवागाउँ देवीको घरदेखि पश्चिम जाने सडक स्तरोन्नती	३३४४१६	३०१६४४	२४०६०८
०३/२२/२०८२	२९७	पदनाहारंगिलाल थारुको घरदेखि टिकाराम थारुको गोठसम्म जगतिया जाने बाटो ग्राभेल	४८५२३९	२५९८९२	२०७८११
			८४११३३७	५०३३७००	४००४७७७

४८ स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन

पालिकाले यसवर्ष सडक निर्माण, ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपप्रमखुवाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यबस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

पालिकाले यस वर्ष अधिकाँश योजना तथा निर्माण कार्य निर्माण व्यवसायीवाट गराएको देखिएकोमा नमुना छनौट अनुसारको परीक्षणमा अन्तिम विलको भुक्तानीको बखत मात्र अनुगमन गरि प्रतिबेदन संलग्न गर्ने गरेको देखियो ।अनुगमन फारममा सम्झौता/ सम्पन्न मिति उल्लेख भएको, योजनाको कार्यप्रकृति लगायतको प्रमाण संलग्न नभएको देखियो । केहि योजनाहरुको रनिङ विल भुक्तानी गर्दा अनुगमन प्रतिबेदन तथा भुक्तानी सिफारिस प्रमाण संलग्न नभएकोले यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिनुपर्ने साथै ऐन कानूनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

४९ अन्य निकाय खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोतसाधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले छुट्टै अस्तित्व र स्वामित्व भएको सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा केहि सिमित व्यक्तिहरुलाइ लाभ हुने संस्थाको निर्माण कार्य

समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो । तसर्थ स्थानीय सरकार संचालन ऐनको मर्म तथा भावनाअनुरुप कार्य नभएकोले नियमसम्मत नदेखिएको रु

मिति	भौन	योजनाकोनाम	वडानं	लागतअनुमान	मुल्याँकनरकम	भुक्तानीरकम	भुक्तानीपाउने
०१/२१/२०८२	११२	जमर्कोकृषि सहकारीको अधुरो भवन नि.	११	३५११४७	३३९९४५	२९१०३०	जमर्कोकृषि सहकारी उपभोक्ता समिति
०२/२८/२०८२	१७६	सदाशिव बहुमुखी क्यामपस कार्यालय व्यवस्थापनतथा सिलिङ्ग पंखा जडान		तयारनगरेको	तयारनगरेको	९४४००	ओमइलेक्ट्रिक
०३/०२/२०८२	१८७	बर्दियाजिल्ला अदालतका लागि कम्प्युटर खरिद		तयारनगरेको	तयारनगरेको	२१२४००	बागेश्वरीअर्डर एण्ड सप्लायर्स
०३/११/२०८२	२०४	६ नं. वडाकार्यालय सदाशिव बहुमुखी क्याम्पस व्यवस्थापन खर्च		तयारनगरेको	तयारनगरेको	९५०००	इन्टरनेशनलसमृद्धी ट्रेड एण्ड सप्लायर्स
०३/११/२०८२	२०५	सदाशिवबहुमुखी क्याम्पस कार्यालय व्यवस्थापन खर्च		तयारनगरेको	तयारनगरेको	२१९९५	सदाशिवआर्ट एण्ड पेन्टस
०३/१३/२०८२	२२६	सदाशिवबहुमुखी क्याम्पसमा कार्यालय व्यवस्थापन तथा सिलिङ्ग फ्यान जडान		तयारनगरेको	तयारनगरेको	४०४९०	उग्रताराइन्फोसिस
						७५५३१५	

अनियमित भएको	७,५५,३१५

५० **कालुराम चोक वाटो चौडा कालोपत्रे कार्य(ठेनं ३४।०८१।०८२)**

यस निर्माण कार्यको लागी मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु १४,६१,६४५/- मा डेविट निर्माण सेवा कोहलपुर ३ वाँकेसंग २०८२।०२।०२ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८२।०३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५०.१ न्युन प्रगति:- यस आर्थिक वर्ष प्रथम रनिङ विलको मुल्याँकन गरी अध्यावधिक भुक्तानी रु ६९०६२३ भएको देखिएकोमा लेखापरीक्षण अबधिसम्मको वित्तिय प्रगति ४७.२४ प्रतिशत मात्र भएको देखियो ।

५०.२ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । निर्माण कार्यको लागी नगर कार्यपालिकाको मिति २०८२।२।३० को निर्णयअनुसार मिति २०८२।०५।२८ सम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ। ।म्याद थपको बखत स्पष्ट रुपमा प्राविधिक पुष्टयाइ तथा आवश्यकता समेत विश्लेषण गरि प्राबिधिक प्रतिबेदन समेत संलग्न गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५१ **१५ वेडको नगर अस्पताल भवन निर्माण ठेनं २०।०८०।०८१**

यस निर्माण कार्यको लागी मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ११,२४,७४,८१७ /- मा किनारा टिवी जेभी अमरगढी ५ डडेलधुरा संग २०८०।११।२३ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८२।११।२१ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५१.१ अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षीत रुपले राख्ननुपर्ने उल्लेख छ। पालिकाले standard bid document को ढाँचामा खरिद सम्झौता नगरी दुइपाने खरिद सम्झौता गरेको देखियो । जमानत सुची, प्रगति विवरण , लगायतको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने तथा सम्झौताको बखत एज विल्ट ड्रइङ लगायतको प्रावधान समावेश गर्नुपर्ने देखिन्छ।

५१.२

न्युन प्रगति:- यस आर्थिक वर्ष चौथो रनिङ विलसम्म रु ४,९६,४३,६७२ मुल्याँकन गरी गरेको देखियो । लेखापरीक्षण अबधिसम्मको वित्तिय प्रगति ४४.१३ प्रतिशत मात्र भएको देखियो ।

५१.३ (26-2082-02-02):
रनिङ विलमा जिम्मेवारी सार्दा फरक परेको :- पालिकाले चौथो रनिङ विलमा जिम्मेवारी सार्ने क्रममा तेश्रो विलसम्मको अध्याबधिक रकम रु २,५५,९९,३५२ सार्नुपर्नेमा रु २,५८,९८,१९४ सारेको देखिएकोले फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरि रनिङ विल अध्याबिधक गर्नुपर्ने रु २,९८,८४२

प्रमाण पेश नगरेको	२,९८,८४२

५१.४ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतको GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टि गर्न सुरु गरिने तथा ८० प्रतिशत समयावधि ब्ययतित भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।निर्माण व्यवसायीको कुल अबधि २४ महिनामा आर्थिक वर्षको अन्तसम्म १६ महिना अर्थात ६६ प्रतिशत समयाबधी समाप्त भैसकेको देखिएकोले फछंयौट गर्न वाँकी पेश्की रु ६०,००,००० रहेको देखिएकोमा खरिद कानुन तथा सम्झौताको सर्त अनुसार पेश्की फछ्यौट हुनुपर्दछ।

५२ **शितभण्डार निर्माण कार्य (ठेनं २३।०८०।०८१)**
यस निर्माण कार्यको लागि मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ४,५८,५४,०२८ /- मा ईभिना प्रेमराज जेभी प्युठान २०८०।१०।७ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०८२।१२।२८ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखियो । सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५२.१ अभिलेख व्यवस्थापन:- लुम्विनी प्रदेश अभिलेख संरक्षण ऐन २०७६ को दफा ७ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजातहरु सुरक्षित रुपले राख्ननुपर्ने उल्लेख छ। पालिकाले standard bid document को ढाँचामा खरिद सम्झौता नगरी दुइपाने खरिद सम्झौता गरेको देखियो । वर्क सेड्युल, जमानत नविकरण सुची, प्रगति विवरण , लगायतको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने तथा सम्झौताको बखत एज विल्ट ड्रइङ लगायतको प्रावधान समावेश गर्नुपर्ने देखिन्छ।

५२.२ न्युन प्रगति:- यस आर्थिक वर्ष दोश्रो तथा तेश्रो रनिङ विल भुक्तानी भएकोमा अध्याबधिक कार्य ८१,८१,६८५ मुल्याँकन गरी भुक्तानी गरेको देखियो । लेखापरीक्षण अबधिसम्मको वित्तिय प्रगति १७.८४ प्रतिशत मात्र भएको देखियो ।

५२.३ (29-2082-02-19):
रनिङ विलमा जिम्मेवारी सार्दा फरक परेको :- पालिकाले दोश्रो रनिङ विलमा जिम्मेवारी सार्ने क्रममा पहिलो विलको अध्याबिधक रकम रु २८,०९,१०७ सार्नुपर्नेमा रु २७,७२,५३२ सारेको देखिएकोले रु ३६,५७२ घटी जिम्मेवारी सारेको देखियो । फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरि रनिङ विल अध्याबधिक सहित प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३६,५७२

५२.४ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ । निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतको GCC 57.3 को SCC अनुसार निर्माण कार्यको ३० प्रतिशत पुरा भएपश्चात पेश्की कट्टि गर्न सुरु गरिने तथा ८० प्रतिशत समयावधि ब्ययतित भैसक्दा सवै पेश्की फछ्यौट गरिने उल्लेख छ ।निर्माण

व्यवसायीको कुल अबधि २६ महिनामा आर्थिक वर्षको अन्तसम्म १७ महिना अर्थात ६५ प्रतिशत समयाबधी समाप्त भैसकेको देखिएकोले फछंयौट गर्न वाँकी पेश्की रु ५५,८१,८०० रहेको देखिएकोले नियमानुसार पेश्की फछ्यौट हुनुपर्दछ ।

५३ **५० प्रतिशत लागत साझेदारीमा कृषि यान्त्रिकिकरण खरिद तथा वितरण** (२८७-2082-03-20):
पालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४ अनुसारको कार्य उल्लेख गरी पालिकाले यस वर्ष पालिका पुजीगत शिर्षकमा कृषि अनुदान कार्यक्रम अन्तर्गत १८७ कृषकहरुलाइ ८७ थान पावर टिलर तथा १०० थान मिनिटिलर अनुदान दिएको देखिएकोमा यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

• लागत अनुमानको तयारी:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्ने, यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । कार्यालयले पावर टिलर १५ किलोवाट तथा मिनिटरलर ५.५ किलोवाटको लागत अनुमान तयारी गर्दा विभिन्न ५ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सो दरबाट औषत निकाली न्युनतम पेश गरेको दरको आधारमा लागत अनुमान कायम गरेको देखियो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

• Post-delivery inspection report:- पालिकाले १८७ थानको लागी रु २,४४,४०,००० को लागत अनुमान तयार गरेकोमा बोलपत्रको माध्यमवाट डि कम माइक्रोसिस्टम प्रालिसंग रु १,९३,४४,३०० मा खरिद गरेको देखिएकोमा खरिदपश्चात जिन्सी दाखिला भएका सवै आइटमको लागत अनुमानको तथा सम्झौताको बखत तयार गरिएको स्पेशीफिकेशनको Post-delivery inspection report भिडान गरी राखेको देखीएन । खरिद सम्झौता अनुसाको सामाग्री आपुर्ति भए नभएको सम्बन्धमा यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

• अनुदानको अभिलेख तथा अन्तरनिकाय समन्वय :- पालिकाले विभिन्न लाभग्राहीहरुलाइ ५० प्रतिशत अनुदानमा सामाग्री उपलव्ध गराएकोमा अनुदानग्राहीको अध्याबधिक अभिलेख राखेको देखिएन। यस्तो प्रकारको वितरणमुखी कार्य संघ तथा प्रदेशस्तरीय निकायवाट समेत हुने देखिएकोमा अन्तरनिकाय समन्वय गरि दोहोरो नहुने पद्दितवाट गर्नुपर्ने तथा अनुदानको सदुपयोग सम्बन्धमा आवधिक सुचना तथा जानकारी राखी वेभसाइट लगायतवाट प्रकासित गर्ने सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

• अनुदानको अनुगमन :- कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४ को बुंदा न १४ मा अनुगमन व्यवस्था रहेको तथा १४(क) मा संचालित कार्यकमहरुको निर्वाचित प्रतिनिधी, नगर, वडा, शाखा, समिति, समन्वय समितिबाट नियमित अनुगमन तथा मुल्याङ्कन गरिने,(ख) मा अनुदान प्राप्त गरी खरिद गरेको उपभोक्ता तथा कृषि यन्त्रहरुको विवरण शाखाले वडा कार्यालयलाई उपलब्ध गराउनु पर्ने, वडा कार्यालयले अनुदान प्राप्त गरेको कृषि यन्त्रहरुको नियमित अनुगमन गर्ने, साथै उपभोक्ताहरुले अनुदान प्राप्त गरी खरिद गरेको कृषि यन्त्र परिचालन तथा प्रगति विवरण उल्लेख गरी प्रत्येक वर्ष वडा कार्यालयमा प्रगति पेश गर्नु पर्ने र (ग) मा अनुदान प्राप्त उपाभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान सदुपयोग नभएको वा जनगुनासो पाईएमा चालु हालतमा भएका कृषि औजार उपकरणहरु फिर्ता लिई नगरपालिकाले आवश्यकता अनुरुप अन्यत्र उपलब्ध गराउन सक्ने, सो गर्दा उपभोक्ताले व्यहोरेको ५० प्रतिशत रकम समेत उपलब्ध नगराइने एवं चालु हालतमा नभएमा नगरपालिकाले हर्जाना समेत लिई जरिवाना समेत गर्न सक्ने उल्लेख छ। पालिकाले अनुदानमा उपलव्ध गराएका सामाग्रीहरुको आबधिक अनुगमन प्रतिबेदन नगरेको तथा अनुदानग्राहीलाइ उपलव्ध गराएको सामाग्रीको वस्तुस्थितिवारे विश्लेषण गरेको देखिएन । कार्यविधि अनुरुपको व्यवस्थाको परिपालना गर्नु/ गराउनुपर्दछ ।

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

५४.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु. ७८९१०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ७० जनालाई बढीमा १०० दिन र कम्तिमा ९२ दिन गरी औसतमा ९६ दिनको कार्यक्रम तथा तालिम खर्चमा खर्चमा रु. ६२,२२,८२० /- र प्रशासनिकमा रु. १५,००,९३७ /- गरी जम्मा रु.७७२३७५७ /- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन

५४.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

५४.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ ।दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

५४.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमुलक र रोजगारमुलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ

(विस्तृत विवरण बेरूजु दफा ५४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५५ **अनुदान तथा वितरणमुखी कार्यक्रम**

पालिकाले आ.व २०८१।८२ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम पकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

गो भौ नं मिति	खर्च शिर्षक	अनुदा पाउने	कृषकको लागत	पालिकाको लागत	कुल खर्च	विवरण
३१७।२०८२।०३।०४	धान र गहुँ विउ अनुदान	किसानहरु	१०००००२०	१०७४५२०	२०७४५४०	विऊ वितरण
३०६।२०८२।०२।२९	मकैबाली पकेट विकास कार्यक्रम	मझरा कृषि समूह	११३८५३०	११३८५३०	२२७७०६०	मिनिट्रिलर, पावरट्रिलर,सिचाई मोटर, पाइप लगायतका सामाग्री खरिद गरी वितरण
३८२।२०८२।०३।१७	पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम	बुढान साना किसान कृषि सहकारी संस्था लि	३६५४१३	७१५५०५	१०८०९१८	तरकारी खेतीका लागी ४४० जनालाई विऊ वितरण

(क) अनुदानको उपयोग: सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । पालिकाले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन गर्नुपर्दछ ।

(ख)शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तरगत पालिकाले मकैबाली पकेट विकास कार्यक्रम सञ्चालन गरेको छ । पकेट विकास कार्यक्रम अन्तर्गत इच्छुक सबैले समान सहभागिताको अवसर प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । साथै यस्तो अनुदान प्राप्त गर्नेको पालिकाबाट नाम सार्वजनिक गर्नुपर्नेमा समेत गरेको अवस्था छैन । यसरी पालिका शसर्त अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट अनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्यावधिक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।

५६ **व्युटीपार्लर तालिम** (६९०-2082-02-21):

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।यस आ.ब मा दलित तथा द्वन्द्वपीडित परिवारको लागि सिपमुलक तालिम कार्यक्रम अन्तर्गत २ महिने एडभान्स व्युटी पार्लर सिप विकास तालिम संचालन गरेवापत रू.१,९९,९७०/- भुक्तानी खर्च लेखेको छ ।सो तालिममा १४ जना प्रशिक्षार्थीले तालिम प्राप्त गरेका छन् । सो कार्यक्रम संचालन गर्दा प्रशिक्षार्थीहरुलाई प्रशिक्षण गरिने कार्यक्रम संलग्न भएको तर सो कार्यक्रम कुन मितिमा संचालन भएको देखिएन । साथै यस्ता प्रकृतिको कार्यक्रमबाट महिलाहरुमा भएको रोजगारी सिर्जना, सो बाट भएको आर्थिक विकास र तालिम लिएपश्चात व्युटी पार्लर कार्यक्रमलाई निरन्तरता भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन हुनुपर्दछ ।

५७ **सवारी साधन वीमा तथा नविकरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण कागजात संलग्न भए नभएको वा कागजात अनुसार भुक्तानी रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं-११९९।२०८२।०३।१८ बाट बिमा तथा नविकरण खर्च वापत

रू.२,५९,३०७/- भुक्तानी भएको छ । सो वापत भुक्तानी गर्दा २४ वटा सवारी साधनको नविकरण जरिवाना वापत रू.२५३००/- भुक्तानी भएको पाइयो । पालिकाले सवारी साधनको बीमा तथा नविकरण गर्दा कानुनले तोकेको अवधिभित्र गर्नुपर्दछ ।

५८ **विद्युत महसुल भुक्तानी**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं-२० मा सार्वजनिक निकायले पानी तथा बिजुली तथा टेलिफोनको महशुल तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा त्यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट लिनुपर्ने र सो भुक्तानीमा मितव्ययीता नअपनाएका कारणले विनियोजित बजेट भन्दा बढी खर्च भई बक्यौता रहेमा कार्यालय प्रमुख र लेखा प्रमुख जिम्मेवार हुने व्यवस्था रहेको छ।नमुना परीक्षण गरी लेखापरीक्षण गर्दा कार्यालयले देहायको भौचरबाट बिजुलीबापतको रकम भुक्तानी गर्दा जरिवाना रकम समेत भुक्तानी गरेकोले जरिवाना वापत भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रकम रू.

गो.भौ.नं/मिति	कुल भुक्तानी रकम रू.	जरिवाना रकम रू.
४४७।२०८१।१०।२२	२०००००	३०५९४
६०४।२०८१।१२।०४	३०००००	४६५५
१२५५।२०८२।०३।२२	१२०००००	१०४६२९
१२५६।२०८२।०३।२२	२०००००	१४८३५
जम्मा		**१५४७१३**

अनियमित भएको	१,५४,७१३

५९ **झोला बनाउने तालिम** (551-2081-11-22):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम भुक्तानी गर्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई,प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पिडितसँग उपमेयर कार्यक्रम अन्तर्गत १५ दिने झोला बनाउने कार्यक्रम संचालन गरेवापत हुनैनाथ टेक्निकल एजुकेशन एण्ड भोकेसनल ट्रेनिङ सेन्टरलाई रू.४,९८,०००/- भुक्तानी खर्च लेखेको छ । पालिका र सो सेन्टर बीच मितिः २०८१।९।१६ मा भएको सम्झौतामा तालिम सम्पन्न भएपश्चात प्रस्तावनामा उल्लेख भए बमोजिम अम्ब्रेला मेशीन लाभग्राहीले बुझेको भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त मेशीन लाभग्राहीले बुझेको पाइएन यस सम्बन्धमा छलफल गर्दा सो मेशीनहरु जिन्सी शाखामा दाखिला भई पालिकाले संचालन गर्ने तालिममा प्रयोग भईरहेको र थप कार्यक्रम संचालन गर्दा उपयोग गर्ने जनाएको छ ।

६० **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत रू.२६,६१,६४५/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

गो भौ नं मिति	कार्यक्रम	खर्च रकम रू.
८।२०८१।०६।१४	५०% अनुदानमा बर्षिम घाँसको बीउ वितरण	५४९९४५
१०।२०८१।०६।१८	५०% अनुदानमा तोरीको बीउ वितरण	६००००
२५।२०८१।०८।१४	१००% प्रतिशत अनुदानमा च्याउको बीउ वितरण	२९५०००
विभिन्न भौचर	५०% अनुदानमा आलु खेती प्रबर्द्धन कार्यक्रम	४८३०००
६१।२०८१।१२।०३	५०% अनुदानमा हाइब्रिड र उन्नत मकैको बीउ वितरण	५०००००
८१।२०८१।०६।१८	५०% अनुदानमा बर्षिम घाँसको बीउ वितरण	३३००००
१३१।२०८२।०३।१७	४५० जना कृषकलाई ७ थरीको तरकारीको कम्पोजिट किट वितरण	४४३७००
जम्मा		**२६६१६४५**

६१ **पशु औषधी खरिद**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त भएको जिन्सी मालसामानको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.ब मा विभिन्न मितिमा रू.१६ लाख ९० हजारको पशु औषधी खरिद भएकोमा PAMS मा प्रविष्टी नगरी सो को खर्च लेखिएको पाइयो ।पशु सेवा शाखाबाट दाखिला गर्ने गरेको हुनाले पालिकाको मुल जिन्सी खातामा खरिद भएको औषधीको विवरण प्राप्त भएको पाइएन । पालिकाले नियमबमोजिम सामान प्राप्त भए पश्चात अनिवार्य रुपमा PAMS मा दाखिला गरी मात्र भुक्तानी खर्च लेख्नुपर्दछ ।

६२ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बिच रू.५ करोड १४ लाख २८ हजारको लागत साझेदारीमा मिति २०८२।०३।३० सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।०८।२९ मा सम्झौता भएको छ। कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु.३ करोड ५९ लाख ९९ हजार पालिकाले र बाँकी हुने३० प्रतिशत रकम रू.१ करोड ५४ लाख २८ हजार हेफर र थारु महिला उत्थान केन्द्रले व्यहोर्ने व्यवस्था गरेको छ। यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई अन्तिम वर्षको कार्यक्रमको लागि आ.व२०८१।८२ मा रु.८१ लाख ३२ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा व्यहोरा निम्नानुसार रहेका छन।

६२.१ सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी ३० प्रतिशत अंश व्यहोर्ने हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिकाको कृषि वा पशुपालनलाई प्रमुख प्राथमिकतामा राखी आर्थिक बर्ष २०८१।८२ मा रु.८१ लाख ३२ हजार खर्च लेखेको छ। परियोजनाको सम्झौता सो को कार्यान्वयनको अवस्था कार्य सञ्चालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन।

६२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था भए पनि गैर सरकारी संस्थासँग स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैर सरकारी संस्थावाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुलप्रवाहीकरण जस्ता कार्य छिटो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ९९ मा गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी कम्तीमा १५ दिनको अवधिको सुचना मार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार

सञ्चालन ऐनमा स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैर सरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले लागतको ७० प्रतिशत खर्च रु.३ करोड ५९ लाख ९९ हजार व्यहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्र सँग अमिल्दो गरी सम्झौता गरेको छ ।

६२.३ योजना तथा कार्यक्रमका लागि बजेट तयार गर्दा बढी प्रतिफल वा उपलब्धी प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्दछ। योजना सञ्चालनको पहिलो वर्षमा देहायबमोजिमको कार्यक्रममा खर्च गरेको छ ।

क.सं	संचालितयोजना	विनियोजित रकम	खर्च रकम
१	पशुखरिद र ढुवानी	३१९४०००	३१९३२२०
२	बागवानीतथा ढुवानी	६१७७००	५९९५४३
३	कृषिउपकरण खरिद	२४६४१५०	२३६८३७०
४	तालिम	१२२१२८९	९९६०६०
५	प्राविधिकसेवा तथा मूल्याङ्कन	१६४४०४१	५७४९६१
६	पुजींगतखर्च	४२८०००	-
६.१	सहकारीलाईअटो सहयोग	४३०८२०	३९९९००
जम्मा		१००००००००	८१३२०५४

पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङकन नै नगरी गैर सरकारी संस्थाबाट गराउनु जवाफदेही र औचित्यपूर्ण रहेको पुष्टि हुन सकेन। हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च व्यहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रममा संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा सोही परियोजनाको नियन्त्रणमा रहेकोले सो खर्चको मितव्ययिता र दक्षता बिश्लेषण गर्न सकिएन।

६२.४ पालिकाले नागरिकलाई पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचना मार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत देहायको भौचरबाट पेश्की दिएको रकम नियम सम्मत देखिएन ।

गो.भौ.नं/मिति	पेश्की रकम
१८२।२०८१।०७।११	२००००००
जम्मा	२००००००

६२.५ संचालन भएको कार्यः लेखापरीक्षणको क्रममा सम्झौता बमोजिम हेफर/थारु महिला उत्थान केन्द्रले उपलब्ध गराएको प्रतिबेदन अनुसार यस वर्षको कार्यप्रगति निम्नानुसारको कार्य गरेको छ ।

खरिद गरिएका सामाग्री	संख्या	कृषकलाई अनुदान	भएको खर्च	कैफियत
बिउ बाख्रा सहयोग कार्यक्रम	२७८	१००%	२४९९२२०	
बिउ बोका सहयोग कार्यक्रम	२०	१००%	६९४०००	
टनेल वितरण	५०	१००%	५०००००	
मल्चिङ प्लाष्टिक वितरण	५०	१००%	१२५०००	
भकारो निर्माण	४३	१००%	६४५०००	४३ जना कृषक
खोर निर्माण	६०	१००%	९०००००	
सिँचाई मोटर	१३	५०%	१५९१२०	
क्रेट सहयोग	५०	१००%	३९२५०	
तरकारीको बीउ सहयोग	१२५	१००%	२५००००	
घाँसको नर्सरी स्थापना	४७६७९ वेर्ना	१००%	३४९५४३	७४० जना कृषक
सानो पशुको लागि भ्याक्सिन	२७८	१००%	१५०००	
अटो लोडर इलेक्ट्रिक	१	१००%	३९९९००	बारबर्दिया सामाजिक उद्यमी महिला सहकारी संस्थाको लागि

पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङ्कन गरी पालिकाले नै सो कार्य सम्पन्न गर्नुपर्दछ ।

६३ न्यानो झोला कार्यक्रम

६३.१ (२२०-2081-12-05):

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मार्गदर्शनको ब.उ.शि.नं. ३७००११०३ परिवार कल्याण कार्यक्रम अन्तर्गत पृष्ठ-८६ मा न्यानो झोला आपूर्ति भइसकेपछि स्थानीय तहले Specification अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने, न्यानो झोलामा प्रयोग हुने फलाटिन कपडाको गुणस्तर कम्तीमा १२० GSM को १०० प्रतिशत cotton हुनुपर्ने, भित्री भागमा प्रयोग हुने कपडा सुति नरम १०० प्रतिशत कटन हुनु पर्ने र यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेछ व्यवस्था छ। स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम शिर्षकबाट ७०० थान न्यानो झोला रु ७८३.१९ का दरले गुराँस गार्मेन्टलाई रु ६,१९,००० भुक्तानी गरेको छ। स्पेशीफिकेशन अनुसार सामान प्राप्त भए नभएको आधिकारीक तहबाट गुणस्तर चेक जाँच समेत गराएको पाइएन। पालिकाले गुणस्तरीय न्यानो झोला प्राप्त भएको सुनिश्चित गर्नुपर्दछ।

६३.२

यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरबाट गत वर्ष ४६१ जना र यस वर्ष ४०० जना गरी प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले यो बर्ष ७०० थान न्यानो झोला खरिद गरेको देखिन्छ जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने तथा लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **पोषण सुधार कार्यक्रम** (३७१-2082-03-15):

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा २ मा लाभाग्राहीको कार्ययोजना अनुसार निजहरूलाई अनुदानको उपयोग, पोषण सुधार र व्यवसायिक सीप विकास तालिम/अभिमुखीकरण प्रदान गरी अनुदान रकम उपलब्ध गराउनु पर्ने, लाभाग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चिता कार्यालयले गर्नुपर्ने व्यबस्था छ। सीप विकास तालिम/अभिमुखीकरण कार्यक्रम नगरी पालिकाले सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आय आर्जन अनुदान कार्यक्रम शिर्षकबाट पालिकाले २८ जना महिलालाई रु २५,००० का दरले रु ७,००,००० अनुदान रकम उपलब्ध गराएको छ। लाभाग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चिता कार्यालयले गरेको देखिएन।पालिकाले कार्यविधिको पालना गरी सरकारी रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

६५ **राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम** (३०९-2082-03-02):

जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा २० मा स्थानीय तहमा छनौट भएका संस्था मार्फत सीप तथा व्यावसायिक तालिम तथा व्यवसाय स्थापना खर्च अनुदान उपलब्ध गराइने, संस्थाले स्थानीय तहसँग सम्झौता गरेपछि सम्झौताबमोजिम कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाई कार्य सम्पादन गर्ने, सम्बन्धित स्थानीय तहले सूचना प्रकाशन गरी विधिवत रुपमा छनौट भएका संस्थाको प्रस्ताव अनुसार जीविकोपार्जन व्यवसाय सञ्चालन गर्न तालिमका सहभागी महिलाहरूका लागि आयमूलक व्यवसाय सञ्चालन गर्न अनुदान उपलब्ध गराउने, कार्यक्रम सञ्चालन गर्ने संस्थाले सहभागिलाई प्रदान गर्ने अनुदान रकम बैङ्क खाता मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले बारबर्दिया सामाजिक उद्यमी महिला सहकारी संस्था लि लाई रू ७,५०,००० भुक्तानी दिएको छ।बाख्रापालन तालिम प्रदान गर्दा रू १,००,००० खर्च गरी सहभागी २५ जनालाई रु २६,००० का दरले रु ६,५०,००० भुक्तानी गरेको छ। पालिकाले जिविकोपार्जन सुधारका लागी दिएको अनुदानबाट कार्यक्रमको लक्ष्य अनुसारको उपलब्धि हासिल भए नभएको र रकमको सदुपयोगको सम्बन्धमा यकिन गर्नुपर्दछ।

६६ **अवलोकन भ्रमण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले कर्मचारीको अवलोकन भ्रमणबाट बजेट विनियोजन गरी खर्च लेखेको छ । पालिकाले यस वर्ष अवलोकन भ्रमण कार्यमा बजेट विनियोजन गरी खर्च लेखेकोमा यस्तो अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा देखिएका उदाहरण देहाय बमोजिम रहेका छन ।

गो.भौ.नं/मिति	विवरण	रकम
४६।२०८१।०६।१५	न्यायिक समितिको पदाधिकारी तथा मेलमिलापकर्ताको लागि अन्तरपालिका ७ दिने भ्रमण कार्यक्रम	१३११९०

६७ **औषधी खरिद**

गा पा चालु ४१।२०८१।०८।२०, शशर्तः १०८।२०८१।०८।२०

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष निःशुल्क वितरण गर्ने प्रयोजनको लागि ११६ आइटमको मेडिकल औषधी तथा सर्जिकल आईटम खरिद (BMO/Medicine/01/2081/082) वापत डालिमा मेडिसिल्स काठमाडौंसँग मितिः२०८१।०८।१५ सम्म

औषधी आपूर्ति गर्ने गरी मितिः२०८१।०६।११ मा रू.३४,६९,७५२.१० को सम्झौता गरी सोही बमोजिम भुक्तानी खर्च लेखेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न रहेका छन् ।

६७.१ लागत अनुमानको तयारी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयारी गर्दा विभिन्न ३ वटा आपूर्तिकर्ताबाट दररेट लिई सो दरबाट औसत निकाली कायम हुन आउने दररेटको आधारमा रू. ६५९९९९८.४१ को लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए / नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ ।यस्तै प्रकृतिको सामाग्री खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

६७.२ औषधी खरिदमा प्रतिष्पर्धाः सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले निर्माण वा मालसमान खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा मितव्ययी विधिबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायको भौचरबाट औषधी खरिद वापत भुक्तानी गरेको छ । यसरी खरिद गर्दा ठेक्का मार्फत कायम भएको दरमा लागत अनुमान बनाई मितव्ययी तरिकाले खरिद गर्नुपर्नेमा सो गरेको पाईएन्। यसरी सोझै खरिद गरेका केही भौचरहरु नमुना छनौट गरी परीक्षण गर्दा सोही आईटमा बोलपत्रबाट खरिद गरेको दर भन्दा बढी लागतमा सोझै खरिद गरेको र सो बाट बढी व्ययभार समेत भएकोले देहाय बमोजिम भएको खरिद वापत बढी भुक्तानी रकम नियम सम्मत नदेखिएको रकम रू.

परिमाण	खरिद दर	बोलपत्रबाटखरिददर	फरक	बढी व्ययभार	
१४९।२०८२।०३।१२बाट रुप्शा मेडिशेल्स प्रा.लि,काठमाडौंलाई भुक्तानी भएको रकम रू.९,९३,३१०					
३३०००	०.६१	०.०१	०.६०	१९८००.००	
५०००	०.७०	०.१०	०.६०	३०००.००	
१५०००	१.३२	०.०१	१.३१	१९६५०.००	
३००	१०.००	५.००	५.००	१५००.००	
२००	११.७०	५.००	६.७०	१३४०.००	
९०००	२.१०	०.१०	२.००	१८०००.००	
१०००	२५.५०	५.००	२०.५०	२०५००.००	
१५०००	३.४५	०.१०	३.३५	५०२५०.००	
८०००	१४.५५	०.१०	१४.४५	११५६००.००	
२०००	११.४०	०.१०	११.३०	२२६००.००	
१२०००	१.१४	१.००	०.१४	१६८०.००	
१००००	६.८५	५.००	१.८५	१८५००.००	
३००	११.००	५.००	६.००	१८००.००	
५००	३५.००	०.१०	३४.९०	१७४५०.००	
१०००	२४.३०	०.१०	२४.२०	२४२००.००	
९५०००	२.०८	२.००	०.०८	७६००.००	
६०००	४.२५	१.००	३.२५	१९५००.००	
१५००	९.९०	५.००	४.९०	७३५०.००	
६०००	३.९५	१.००	२.९५	१७७००.००	
जम्मा				**३८८०२०**	

अनियमित भएको	३,८८,०२०

६८ **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिमुखिकरण तालिम** (907-2082-02-27):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण कागजात संलग्न भए नभएको वा कागजात अनुसार भुक्तानी रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पञ्जीकरण शाखाले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्बन्धी २ दिने अभिमुखीकरण तालिम संचालन गरी रू.१,३४,९४०/- भुक्तानी गरेको छ । पालिकाद्धारा निर्माण गरिएको कार्यविधिमा यातायात खर्च वापत रू.४००/- दिने व्यवस्था रहेको छ । कार्यक्रममा २५ जना सहभागीलाई रू.८००/- को दरले भुक्तानी भएको छ साथै सो कार्यक्रमको कार्ययोजना तथा प्रशिक्षकको सबै कक्षाको कार्यपत्र समेत पेश भएको नपाइएकोले पालिकाले तालिम कार्यक्रम संचालन गर्दा कानुन तथा कार्यविधि बमोजिम संचालन गर्नुपर्दछ ।

६९ **नगर अस्पताल संचालन**

बारबर्दिया नगरपालिका अन्तर्गत संचालित नगर अस्पतालमा आ.ब २०८१/८२ मा अस्पताल व्यवस्थापन, संचालन तथा कर्मचारीको तलब भत्ता वापत रू.१ करोड ६९ हजार १८ हजार भुक्तानी भएको छ। सो अस्पतालको समग्र आम्दानी विवरण सुत्रमा समाबेश

नभएको तथा आय व्यय समेत तयार भएको देखिएन ।यस सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी अस्पतालको राजश्व तथा आम्दानीमा पारदर्शिता कायम गर्नुपर्दछ ।

७० **राजस्व व्यवस्थापन**

पालिकाको सुत्र प्रणाली अनुसार यस आर्थिक वर्षको राजस्व रु ७,१३,३६,५६२ देखिएकोमा सो अन्तर्गत देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन ।

७०.१ राजस्व समयमा दाखिला गर्नुपर्ने:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाको आन्तरीक आयतर्फ सिफारिस शुल्क, दर्ता शुल्क, नवीकरण शुल्क लगायतको सुत्रमा आम्दानी वाँधी लेखांकन गरेको छ । पालिकाले सफ्टवेयरको माध्यमवाट राजस्व संकलन गर्ने गरेको जनाएतापनि राजस्व असुली दाखिला कानूनी व्यवस्था अनुरुप भएको देखिएन । सुत्र प्रणाली अनुसार विभिन्न २९ प्रकारको राजस्व प्राप्त भएको देखिएकोमा २१ प्रकारका नियमित प्रकारको राजस्व भएको देखिन्छ । उक्त राजस्वहरु संकलन भएको दिन तथा भोलिपल्ट नभइ केहि अबधि ढीलो दाखिला भएको देखियो यस सम्बन्धमा पालिकासँग छलफल गर्दा केहि वडाहरुमा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिला गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको अनुदानमा नगर अस्पताल समेत रहेको देखिएकोमा सो को आयव्यय राजस्व विवरण लगायत तयार गरेको नदेखिएको, सवै शिर्षक अन्तर्गतको राजस्वको व्यवस्थित अभिलेख राखेको नदेखिएको लगायतको बेहोरा देखिएकोले सो समेत यकिन गरि राजस्व व्यवस्थापन गर्नुपर्दछ ।

७०.२ राजश्व परामर्श समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

७०.३ घर वहाल करः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा घर जग्गा बहाल कर लगाइने र असुल उपर हुने व्यवस्था गरेको छ । पालिकाले घर बहाल कर बापत यस वर्ष रु ९,२७,९३७ संकलन गरेको देखिन्छ तर वहाल कर सम्वन्धमा घर धुरी सर्वेक्षण मार्फत तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

मनोरञ्जन करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिदैन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

व्यवसाय कर: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्षको असार मसान्त सम्ममा पालिकाले व्यवसाय दर्ता तथा नविकरण शुल्कबापत रु ११,८६,२०० कर संकलन गरेको सुत्र प्रणाली अनुसार देखिएकोमा पालिकाको क्षेत्रभर रहेका व्यवसायहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन।पालिकाको क्षेत्रभर संचालनमा रहेका व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरामा ल्याउनुपर्दछ।

बहाल विटौरी करः नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूचि ४ मा पालिकाले पालिका भित्र रहेका हाटबजारहरुबाट शुल्क असुल गर्ने व्यवस्था छ । यस बर्ष बहाल विटौरी वापत संकलन गरेकोमा उक्त रकम वडा नं. १,२५,६,७,१० र ११ नं वडाबाट असुल भएको सम्बन्धित शाखाले जनाएको तथा रु १४,११,९३४ असुल भएको सुत्र अनुसारको शिर्षकगत विवरणमा देखिएकोमा राजस्व आम्दानीको व्यवस्थित अभिलेख राखी आम्दानी यकिन हुने पद्दितले लेखा श्रेस्ता राख्न पालिकाले ध्यान दिनुपर्दछ।

७०.४ नदीजन्य पदार्थको विक्रीवितरण:- पालिकाले नदीजन्य पदार्थको बिक्रीवितरणवाट आय संकलन गरेको देखियो । बर्दिया जिल्ला बारवर्दिया नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने ववइ नदी क्षेत्रको विभिन्न घाटहरुको ढुंगा र वालुवाको दिगो उत्खनन कार्यको लागी ए एण्ड ए कन्सल्टेन्सी बाट तयार भएको IEE प्रतिबेदन अनुसार उत्खनन तथा विक्रीवितरण भएको पालिकावाट जानकारी भएकोमा सो अन्तर्गत देखिएका वेहोराहरु देहाय अनुसार रहेका छन:-

• प्रारम्भिक वातावरणीय प्रतिबेदन अनुसार ६ वटा घाटहरुवाट वार्षिक ६२,३१६.७ घनमिटर उत्खनन गर्न मिल्ने उल्लेख भएकोमा मिति २०८१।०७।२३ मा सुचना प्रकासन गरेकोमा जव्दी घाट वडा नं ११ तथा लठुवा घाट २ नं को लागी मात्र वोलपत्रमा प्रस्ताव पेश भएको (जव्दीघाटमा मीना कन्सट्रक्सन वर्दिया, लठुवाघाटमा भादा कन्सट्रक्सन वर्दिया) तथा अन्य घाटमा प्रस्ताव नपरेको भनि कार्यपालिकाको मिति २०८१।९।२८ को निर्णयवाट ढुङ्ही , कुमराघाट , चन्दनपुर तथा बैरियाघाटवाट अमानवाट विक्रीवितरण गर्ने निर्णय गरेको देखियो ।

• परामर्शदाताले २०८१।०६।२१ देखी ०७।०४ सम्मको स्थलगत प्रतिबेदनको आधारमा तयार गरेको उल्लेख भएको IEE प्रतिबेदन अनुसार प्रस्तावको तालिका नं २ अनुसार मानव संसाधन प्रयोग गरि उत्खनन गरिने, हाते उपकरण र ढुवानीका साधनहरुको प्रयोग गरी नदी तथा नदी खोलाको भेल बाढीले बगाएर ल्याई जम्मा गरेका गिट्टी, वालुवा संकलन तथा उत्खनन् गर्न सकिने तर आवश्यकताको आधारमा ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को व्यबस्था अनुसार गर्न सकिने, सामान्यतया हाते औजार र उपकरणहरु प्रयोग गरी टिपर तथा भाडाका ट्याक्टर हरूमा ढुङ्गा, गिट्टी वालुवा ढुवानी गरिने तर विशेष परिस्थितिमा कटान नियन्त्रण गर्दा मेसिनरी औजारको प्रयोग गर्नुपर्ने अबस्थामा भएमा सोही मापदण्डको व्यबस्था अनुसार गर्न सकिने, नगर कार्यपालिकाले उत्खनन् गर्ने परिमाण, उत्खनन् क्षेत्रको सिमांकन र मेसिनको संख्यासहितको निर्णय अनुसारको कार्यविधि बनाइ गर्न सकिने, दैनिक ३०० घ.मि. भन्दा कम हुने गरि उत्खनन गर्नुपर्ने लगायतको वेहोरा उल्लेख छ ।नदीजन्य पदार्थको उत्खनन पद्दती तथा दैनिक उत्खनन परिमाणको प्रतिबेदन संलग्न गरेको नदिखिएको, उत्खनन पद्दितको अभिलेख नभएको कारणले नियमानुसार उत्खनन भएको सम्बन्धमा यकिन गर्ने आधार देखिएन।

• पालिकाको सुत्रको विभाज्य कोषको विवरण अनुसार २,०३,१०,५७७. संकलन भएको देखिएकोमा सो मध्ये यस वर्षको आय रु ९७,१०,५७७ (विभाज्य कोषमा रहेको रकम मध्ये आव २०७९।०८० को बक्यौता रु १ करोड ६ लाख रहेको जानकारी प्राप्त भएको) रहेको राजस्व शाखाले जनाएको छ । २ वटा घाटको वोलपत्रवाट रु ३०,६९,६१९ तथा ४ वटा घाटको अमानती कार्यवाट रु ६६,४०,९५७ संकलन भएको पेश भएको विवरणवाट देखिन्छ । राजस्व वापतको आम्दानी केवल बैक स्टेटमेन्टको आधारमा वाँध्ने गरेको देखियो ।

• घाट अनुसार कति परिमाण उत्खनन भयो सो सम्बन्धमा प्रतिबेदन तयार गरेको देखिएन। उत्खनन परिमाण,उत्खनन पद्धति, दैनिक उत्खनन विवरण लगायत संलग्न नगरेको देखिएको, अमानती कार्यमा रसिदमार्फत संकलन गरेको जानकारी प्राप्त भएकोमा रसिद अनुसारको आम्दानी विवरण तथा परिमाण समेत खुल्ने अभिलेख राखेको देखिएन। पालिकावाट अनुगमन प्रतिबेदन नभएको, उत्खनन परिमाण यकिन नभएको लगायतको बेहोरा देखिएकोले उत्खनन परिमाण यति नै हो भनि यकिन गर्ने आधार देखिंदैन।स्पष्ट आधारप्रमाण संलग्न गरेर मात्र राजस्व व्यवस्थापन गर्नुपर्ने तथा कायम भएको आय पारदर्शी तवरले लेखांकन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

• राजस्व संकलनको लागी नगरपालिका तथा विभिन्न वडाहरुको लागी रसिद उपलव्ध गराइ सो अनुसार संकलन गरेको जानकारी प्राप्त भएकोमा रसिद नियन्त्रण खाता रितपुर्वकको नभएको , रसिद अनुसारको आम्दानी विवरणको प्रविष्टी सुची तयार नगरेकोले यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

• अनुगमन तथा निरीक्षण प्रतिवेदनः लुम्बिनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ अनुसार जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको रोहवरमा घाटगद्दीस्थलको वर्षमा ३ पटक निरीक्षण अनुगमन गर्ने र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा समितिको अनुगमन तथा निरीक्षण प्रतिवेदन प्राप्त हुनसकेन । कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश हुनुपर्दछ।

७०.५ (4-2082-03-25):
विविध खर्च खातामा गतविगतको आय आम्दानी गरेकोमा सो को मुल्य अभिवृद्धि कर दाखिला नभएको - मुल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मुल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले विविध खर्च खाता शिर्षकमा प्रशासनीक दण्ड जरिवाना जफतको रकम रु ४१,७९,००० दाखिला गरेको देखियो । उक्त रकम गतविगतमा नदीजन्य पदार्थको बक्यौता राजस्व उठ्न वाँकी भएको तथा सो वरावरको रकम सम्बन्धित निर्माण व्यवसायी देउती बजै निर्माण सेवा प्रालिको भएको देखियो । उक्त जमानत जफतवाट प्राप्त रकम समेत नदीजन्य आय भएको तथा मुल्य अभिबृद्धि कर समेत समावेश भएको पालिकावाट जानकारी प्राप्त भएकोमा जमानत जफतवाट प्राप्त सो को रकममध्ये समावेश भएको मुल्य अभिबृद्धि कर रु. ४,८०,७७० संघीय संचित कोषमा दाखिला गरेको देखिएन । आय ब्यवस्थापनको अभिलेख व्यवस्थित नभएकोले सुरु सम्झौतामा उल्लेख भएको अबधिदेखी लागु हुनेगरी मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ र २६ बमोजिमा थप दस्तुर, ब्याज यकिन गरी मुल्य अभिबृद्धि कर रकम सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	४,८०,७७०

७०.६ **कानुनी व्यवस्थामा विविधता:**- लुम्विनी प्रदेश आर्थिक ऐन २०८१ को दफा ८. (१) मा प्रदेशभित्र अनुसूची-६ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भस्कट, माटो र दहत्तर बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिने, उपदफा (३) मा यस दफा बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित स्थानीय तहले गरी स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्ने तथा उपदफा (४) मा उपदफा (३) बमोजिमको रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा त्रैमासिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले गतविगतको खरिद सम्झौताको उठ्न वाँकी बक्यौता मध्ये देउती बजै निर्माण सेवा प्रालिको नाममा कायम वक्यौता रकम रु ४१,७९,००० आय(मुल्य अभिबृद्धि कर समेत) कायम गरी विबिध खातामा आम्दानी गरी सो खातावाट आन्तरिक राजस्व खातामा

दाखिला गरेको देखियो । उक्त रकमको ४० प्रतिशतले हुने रकम रु १४,७९,२९२ प्रदेश बिभाज्य कोषमा पठाएको देखिएन । कानुनी व्यवस्थामा बिबिधता हुँदा संकलित रकम जम्मा गर्न तथा बाँडफाँट सम्बन्धमा स्पष्टता नभएको अबस्था रहेको देखिन्छ ।संघ तथा प्रदेशबाट जारी भएका कानुनमा द्विविधा नहुने गरी कार्यान्वियन गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

७०.७ **गतविगतको राजस्व बक्यौता असुलीमा व्याज जरिवाना असुल नगरेको:-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । आव २०७९।०८० मा व्यवसायी देउती वज्यै निर्माण सेवा प्राली संग रु २,३६,७८,८११ मा नदीजन्य पदार्थको लागी सम्झौता भएकोमा सम्झौता अनुसारको रकम नबुझाएकोले पटकपटक ताकेता गरी नगद तथा कार्यसम्पादन जमानत समेतवाट रकम असुल गरेको पालिकाले जनाएको छ । पालिकाले उक्त सम्झौतामा कति असुल उपर भयो कति बक्यौता रहेको छ सो लगायतको विवरणहरुको स्पष्ट अभिलेख राखेको देखिएन।

विभाज्य कोषको विवरण अनुसार यस आर्थिक वर्षमा गतविगतमा बक्यौता रहेको रकममध्ये निर्माण व्यवसायी देउती वज्यै निर्माण सेवा प्रालीवाट रु १,४७,७९,००० असुल गरेको देखिन्छ।उक्त रकममा मुल्य अभिबृद्धि कर समेत समावेश भएकोले सो रकमको १३ प्रतिशतले हुने रकम रु १७,००,२३८ नेपाल सरकारको राजस्वमा जम्मा गरेको विवरण पेश भएको छ। सो पश्चात समेत रकम वाँकी भएको तथा सम्झौता अनुसार रकम दाखिला नभएको पुन रकम फरफारकको लागी पालिकाले बैकलाइ पत्राचार गरेकोमा मिति २०८२। ४।१४ चनं ९७ अनुसार दाखिला गर्न वाँकी रकम रु ९,९९,८११ तथा व्याज रु २७,८५,०८५ रहेको देखिन्छ ।

अत: सम्झौता, गतविगतमा प्राप्त भएको भुक्तानी विवरण, मुल्य अभिबृद्धि कर दाखिला विवरण समेत अद्याबधिक गरी ढिलो दाखिला भएको आयको हकमा नियमानुसारको व्याज तथा मुल्य अभिबृद्धि करको हकमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा १९ र२६ बमोजिम थप दस्तुर र ब्याजसमेत यकिन गरी नियमानुसार दाखिला गर्नुपर्ने देखिन्छ। (आव २०७९।०८० मा रु १ करोड ७० लाख बक्यौता बेरुजु कायम गरेको देखिएको)

७१ **धार्मिक तथा सांस्कृतिक पर्वमा खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा पालिकाले धार्मिक तथा सांस्कृतिक पर्वमा देहाय बमोजिमको बजेट विनियोजन गरी खर्च लेखेकोमा आन्तरिक आय समेतको विश्लेषण गरी गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण निम्न छन् :-

गो.भौ.नं	विवरण	भुक्तानी पाउने	रकम रू.
३२९।२०८१।०९।०४	श्रीमद भागवत महायज्ञको लागि कार्यापालिकाको निर्णय बमोजिम भुक्तानी	श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल	१०००००
५१५।२०८१।११।०२	सदाशिव मन्दिर संरक्षण समितिलाई आर्थिक सहयोग	श्री सदाशिव मन्दिर संरक्षण बर्दिया	२००००
८०९।२०८२।०२।०४	मगर स्थापना दिवस तथा मगर एकता दिवसको कार्यक्रम वापत भुक्तानी	नेपाल मगर संघ	२५०००

७२ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुबिधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन, सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। बारबर्दिया नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बनधि कार्यविधि, २०७८ अनुसार कार्यालयले कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कको आधारमा खाईपाई आएको तलबमानको तह बमोजिम अधिकतम रू.२०००० सम्म प्रोत्साहान भत्ता उपलब्ध गराउने व्यवस्था अनुसार पालिकाले आफ्नो आन्तरिक श्रोतबाट कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वापत रू. २५ लाख ६३ हजार प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट खर्च भुक्तानी गरेको छ। यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने देखिन्छ।

७३ **योजना अनुगमन भत्ता** (१२७४-2082-03-22):

लुम्बिनी प्रदेशको स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । पालिकावाट संचालित विभिन्न योजनामा उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन समितिको पदाधिकारी तथा वडामा संचालन भएको योजनाको लागि वडा स्तरीय अनुमगन समितिबाट विभिन्न मितिमा संचालित योजनामा अनुगमन गरेको देखियो ।नमुना छनौट गरी परीक्षण गर्दा योजना अनुगमन वापत भत्ता भुक्तानी गरेको देखियो। यस सम्बन्धमा पालिकासंग छलफल गर्दा कार्यालय समयवाहिर तथा दुरिको हिसावले टाढा भएको योजनाको कार्यमा मात्र भुक्तानी दिएको जनाएको छ। आन्तरिक आय न्युन भएको अवस्थामा भत्ता खर्च लेखि थप व्ययभार पारेको देखियो । अत: यस्तो प्रकारको भत्ता भुक्तानीमा नियन्त्रण गर्नुपर्ने नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	३,११,५००

७४ **वितरणमुखी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना संचालन गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने विषयमा प्राथमिकता दिई योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका भौचरबाट ज्येष्ठ नागरिकलाई झुल, ब्ल्याङ्केट वितरणका साथै तिज कार्यक्रम र माघी मिलन लगायतका कार्यक्रम वापत रू.१०,८३,११५/- भुक्तानी खर्च लेखेको छ ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित हुनुपर्दछ ।

गो.भौ.नं	कार्यक्रम	भुक्तानी रकम
२२८।२०८१।०८।१०	विभिन्न ७ वटा सांस्कृतिक समुहलाई सांस्कृतिक संरक्षण थारु पोशाक वितरण	९९९२५
९२२।२०८२।०२।२८	जेष्ठ नागरिक तथा अपाङ्गहरुको लागि झुल वितरण	९९०००
३६५।२०८१।०९।१६	नगरपालिका स्तरीय तिज गीत कार्यक्रम	१५४८५०
४०६।२०८१।१०।०६	वडा नं ५ मा माघी मिलन कार्यक्रम	१०००००
४१४।२०८१।१०।०६	वडा नं ६ मा माघी मिलन कार्यक्रम	७९९५०
४५५।२०८१।१०।२४	वडा नं १० मा माघी मिलन कार्यक्रम	१०००००
१२४२।२०८२।०३।२०	नगर बडघरहरुको लागि झोला र छाता सामाग्री खरिद तथा बितरण	२९९४००
५।२०८१।०६।२१	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत बलाङ्केट बितरण	१४९९९०
जम्मा		**१०८३११५**

७५ **दिवा खाजा**

पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औसत १३३ दिनको ७९६८ जना विद्यार्थीलाई १,०२,७०० हाजिरी दिन वापतको रकम भुक्तानी गरेको विवरण उपलब्ध गराएकोमा देहायको भौचर र मितिमा दिवा खाजावापतको भुक्तानी गरेको देखियो।

क सं	गो भौ नं मिति	रकम रु
१	३९।२०८१।०६।२०	३१३४२५०
२	१३९।२०८१।०९।२५	३५५१०१०
३	२२४।२०८१।१२।१३	५४९३५२५
४	३६७।२०८२।०३।१५	३७६१७१५
जम्मा		१५४०५००

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप नं.२.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि रकम दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने लगायतका व्यवस्था भएकोमा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेको छ।पालिकाले उल्लेखित कार्य गरेको देखिएन।पालिकाले कार्यविधिको पालना गरी दिवा खाजाको समुचित व्यबस्थापन गर्नुपर्दछ।

७६ **स्थानीय पाठ्यपुस्तक** (१०६-2081-08-06):

कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं २.४.६.२ मा स्थानीय विषय/मातृभाषाको पाठ्य सामाग्री व्यवस्थापन अन्तर्गत विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा

आधारित स्थानीय विषय/मातृभाषाको समेत पठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रीत प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ। यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा वढी खर्च संघीय अनुदानबाट नगर्ने व्यवस्था रहेकोमा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकबाट पालिकाभित्रका ३८ विद्यालयलाई पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको मूल्य सूचीमा न्युनतम मूल्य भन्दा बढी दररेटमा स्थानीय पाठ्यपुस्तकको खरिद वापतको रकम संघीय शशर्तबाट भुक्तानी गरेको रकम रू. २,७८,८६० नियम सम्मत नदेखिएको रु

कक्षा	न्युनतम रकम दर रू	पाठ्यपुस्तक खरिद दर रू	विद्यार्थी संख्या	तोकिएको दरभन्दा बढी भुक्तानी प्रति पुस्तक	बढी रकम
१	१०८	२३७	९४१	१२९	१२१३८९
२	११७	१३३	७७८	१६	१२४४८
३	१२७.२	१२८.८२	८७५	१.६२	१४१७.५
४	८८	१३८.९९	१०३४	५१	५२७३४
५	१०३.४	१०७.३५	१११३	३.९५	४१७३.७५
६	११५.५	१५०.२९	१२२४	३४.७९	४२५८२.९६
७	११४.४	१४३.५१	१२३८	२९.११	३६०३८.१८
८	११६.६	१२२.०४	१४८५	५.४४	८०७८.४
जम्मा					२७८८६०

अनियमित भएको	२,७८,८६०

७७ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि को क्रियाकलाप नं. २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्ददृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा आइसिटी व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ पुस्तकालयसमेत) का लागि अनुदान दिने व्यवस्था छ। विद्यालयमा ICT ल्याब व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका, कम्प्युटर ऐच्छिक विषयका रूपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण आधारमा छनोट भएका विद्यालयका लागि Networking, Internet फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्री व्यवस्थापन गर्ने, स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी सामग्री खरिद गर्न लगाउने, अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वियन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउने, नमुना विद्यालयका लागी छनौट भएका विद्यालयका लागी विद्यालयको स्वीकृत गुरुयोजना बमिजिम रकम उपल्बध गराउने व्यवस्था रहेको छ त्यस्तै अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वियन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट विद्यालयमा रकम निकासा दिएकोमा देखिएको व्यहोरा निम्नानुसार छ।

गो भौ नं मिति	विद्यालयको नाम	रकम	जम्मा	प्रयोजन
२१४। २०८१।१२।१४	किसान मा वि,फच्चकहवा	४५५०००	६५००००	आ ई सि टी ल्याव
३४५। २०८२।०३।१३		१९५०००		
२१४। २०८१।१२।१४	धर्मभक्त मा वि, कतर्निया	४५५०००	६५००००	
३४५। २०८२।०३।१३		१९५०००		
२१४। २०८१।१२।१४	सिम्हा मा वि, वेल्भार	४५५०००	६५००००	
३४५। २०८२।०३।१३		१९५०००		
२१४। २०८१।१२।१४	जनाता मा वि, रम्भापुर	१४००००	२०००००	उत्कृष्ट विद्यालय वापतको अनुदान
३१६। २०८२।०३।०४		६००००		
३७९। २०८२।०३।१६	पञ्चजन्य मा वि	१५०००००	१५०००००	नमुना विद्यालयका लागी निकासा रकम-सन्दर्भ सामाग्री खरिद,छात्राबास खर्च, खालि पिरियड व्यवस्थापन, कुर्सी, व्याट्री खरिद, तलव

अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वियन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको पाइएन।कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रकम उपलब्ध गराउनु पहिले र पछि पालिकाबाट नियमित रुपमा अनुगमन गरी अनुदान दिइसकेपछि अनुदानको सही सदुपयोग भए नभएको र विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रिया अनुरुप कार्यन्वयन गरे नगरेको नियमित अनुगमन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनुपर्दछ।

७८ **शैक्षिकगुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वियन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख)निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग)विद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वियन कार्यविधिमा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण

गर्नु गराउनुपर्ने व्यबस्था छ । पालिका अन्तर्गत ३९ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म विद्यालयहरूले लेखापरीक्षण नगराएको जानकारी प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान निकासा हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ)अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाई प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नुपर्दछ ।

७९ स्यानिटरी प्याड खरिद

७९.१ पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निःशुल्क रुपमा स्यानिटरी प्याड र स्यानिटरी प्याड डिष्पोजल मेसिन खरिदवापत ए जी हेल्थ ईन्डष्ट्रिज प्रा.लि लाई देहायको दर र परिमाण अनुसारको रु भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

सामान	दर	परिमाण	रकम रु
स्यानिटरी प्याड	२४.३३	५४०००	१४८४६१६

स्यानिटरी प्याड व्यबस्थापन कार्यविधि, २०७६ को अनुसूची १ मा स्यानिटरी प्याडको न्यूनतम मापदण्ड तोकेको छ।जसमा प्याडको लम्बाई २४०mm + २० mm , चौडाई ६० देखि ७५mm, मोटाई १५mm+ २mm हुनुपर्ने व्यवस्था छ। पालिकाले ए जी हेल्थ ईन्डष्ट्रिज प्रा.लि बाट प्रति प्याड रु.२४.३३ का दरले ५४,००० प्याकेट खरिद गरी रू.१४,८४,६१६/- भुक्तानी दिएकोमा २८०mm को हुनुपर्ने भनी कार्यविधि वेगर स्पेसीफिकेसन तयार गरी खरिद गरेको देखियो।यस विषयमा शिक्षा शाखासँग छलफल गर्दा कार्यविधिले तोकेको साइजको प्याड खरिद गर्दा विद्यार्थीबाट साइज सानो भएको गुनासो आइ प्रयोग नहुने अवस्था रहेको जनाएको छ। पालिकाले आपुर्ति भएको स्यानिटरि प्याड तोकिएको स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको जाँच गरेको देखिएन।पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ।

७९.२ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ, जसअनुसार प्रत्येक छात्राले १० महिनामा २० प्याकेट प्याड पाउनु पर्ने देखिन्छ।पालिकाले पेश गरेको IEMIS तथ्याङ्क अनुसार कक्षा ६-१२ सम्मका छात्राको संख्या ५३८१ जना रहेकोमा पालिकाले विद्यार्थी संख्याका आधारमा १,०७,६२० प्याकेट प्याड खरिद गर्नुपर्ने देखिन्छ।पालिकाले विद्यालयका छात्राहरुलाई पुग्ने गरी प्याड खरिद गर्नुपर्दछ। पालिकाले प्याड खरिद गरी विद्यालयलाई वितरण गरेको र मौज्दात नरहेको जनाएकोमा विद्यालयमा मौज्दात रहेको संख्यात्मक विवरण प्राप्त भएन।पालिकाले विद्यालयमा रहेको स्यानिटरी प्याडको मौज्दात संख्या यकिन गरी आवश्यकताको आधारमा छात्रा विद्यार्थीलाई स्यानिटरी प्याड वितरण गर्नुपर्दछ त्यस्तै विद्यालयमा पठाइसकेको प्याडको गुणस्तरीयता कायम हुने गरी भण्डारण भए नभएको अनुगमन गर्नुपर्दछ।

८० समानीकरण अनुदानबाट शिक्षकको तलव

अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान वेगर पालिकाबाट ११८ शिक्षकको तलब भत्ता वापत रू २१,९०,००० भुक्तानी गरेको छ ।शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा वित्तीय समानीकरणबाट अनुदानबाट प्रशासनिक कार्यमा बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा निजि शिक्षकको तलब भत्तामा खर्च लेखेको देखियो। पालिकामा रहेको शिक्षक र विद्यार्थीहरूको अनुपातका विश्लेषण गरी आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती गरी तथा खर्च गर्नुपर्ने देखिन्छ ।विद्यालयलाई मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

८१ शिक्षक विद्यार्थी अनुपात

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ३८ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

पालिकाबाट प्राप्त विद्यालयका शिक्षक पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३८ विद्यालयमा ३९७ शिक्षक रहदा जम्मा विद्यार्थी १३७३२ रहेका छन् । शिक्षक विद्यार्थी अनुपात अधिकतम ५३ देखि १८ प्रतिशत सम्म रहेको देखियो ।समग्र पालिकास्तरमा शिक्षक विद्यार्थी अनुपात १:३५ रहेको छ ।साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार तराई जिल्लामा ५० हुनुपर्नेमा मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

(विस्तृत विवरण बेरूजु दफा ८१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८२ निकासा विवरण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा वा एकिकृत ढाँचा तयार गरी विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको पाइएन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने तथा दोहोरो निकासा हुन सक्ने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक र व्यवस्थित गरी राखु पर्दछ।

८३ परीक्षा शुल्क अनुदान (३९-2081-11-08):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । न पा चालु बाट विद्यालय परिक्षा शुल्क अनुदान शिर्षकबाट प्रति विद्यार्थी संख्या १७०.८० का दरले ५८५५ जम्मा विद्यार्थी संख्याका आधारमा पालिकाभित्रका ३५ विद्यालयलाई अनुदान वापत रू १०,००,००० भुक्तानी गरेको देखियो।विद्यालयहरुले प्रति विद्यार्थी रु २० का दरले अनुदान दिएका विद्यार्थीको संख्या भन्दा बढी संख्यामा नगरस्तरीय सामुदायिक विद्यालयहरुको परीक्षा समितिका कोषाध्यक्षलाई रकम भुक्तानी गरेको देखिन्छ। रु २० का दरले भुक्तानी भएका विद्यार्थी संख्या कुन आधारमा लिइएको हो सो खुल्न आएन।प्रश्नपत्र छपाई वापतको रकम पालिकाले भुक्तानी दिएको जनाएकोमा पश्न पत्र छपाईको विल समेत संलग्न गरीएको देखिदैन। यस्तो प्रकारको निकासा गर्दा उद्येश्य अनुरुप कार्य भए नभएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

८४ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ ।पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रू.२६,४६,५८,१६२/- बैङ्कलाई निकासा गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

-लाभग्राहीको अभिलेख:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन ।साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

-बैँक विवरण: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ ।पालिकाले २ वटा बैङ्कबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले बैङ्कबाट फिर्ता गर्नुपर्ने रकम रू.११,२२,०८६.५५ फिर्ता गरेको देखिएको छ ।बैकको पत्रमार्फत मात्र फिर्ता यकिन गर्नेभन्दा बैक स्टेटमेन्ट समेतको आधारमा फिर्ता रकम यकिन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

-पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखित कार्यहरु भएको पाइएन ।

-सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनु पर्नेछ, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियामावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्ने, कुनै लाभग्राहीका प्रचलित कानून बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नु पर्ने, यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा दोहोरो दर्ता, बसाईसराई, नवीकरण नगराएको, मृत्युको गरी वर्षभरीमा जम्मा २१८ जनाको लगत कट्टा गरेको देखियो। पालिकाले लगत कट्टा समयमै गर्ने र लगत अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बारबर्दिया नगरपालिका, बर्दिया , बारबर्दिया नगरपालिका , बर्दिया

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धर्मराज न्यौपाने	२०८०-८-१०	२०८१-६-७
कार्यालय प्रमुख	टिकानाथ गोसाइ	२०८२-०१-१५	२०८२-०५-२१
कार्यालय प्रमुख	दिपक कुमार आचार्य	२०८१-०६-०८	२०८२-०१-१३
कार्यालय प्रमुख	गौतम भण्डारी	२०८२-०५-२२	हाल सम्म कार्यरत
लेखा प्रमुख	सत्येन्द्र जि सी	२०७९-२-२७	२०८२-०१-२४
लेखा प्रमुख	राम बहादुर के.सी.	२०८२-०१-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६४८,७९०	११,४९९,४५७	४१२,२६१	०	०	१,१२४,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,६८४,५०८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	१,३६८,८६७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२,३१५,६४१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३७५३४६१५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१८३५३९६६३	चालु खर्च	५२५७४५३१०
प्रदेश सरकारबाट अनुदान	३५९९६०००	पूँजीगत खर्च	२८८६३६०४२
राजश्व बाँडफाँट	१८३५३९६६३	वित्तीय/अन्य व्यवस्था	३४८४९६०७२
आन्तरिक आय	५१०२५९८५		
अन्य आय	७१०१०७३३०		
कुल आय	११६४२०८६४१	कुल खर्च	११६२८७७४२४
बाँकी मौज्दात		१३८८६५८३२	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१८,३६,८५,८१८.२५	०	१८,३६,८५,८१८.२५	१६,६१,५०,००३.०७	०	१६,६१,५०,००३.०७
१३०००	अनुदान		५७,५७,३८,१७८.२३	०	५७,५७,३८,१७८.२३	५२,३१,४८,७३५.४५	०	५२,३१,४८,७३५.४५
१४०००	अन्य राजस्व		५,०७,३२,२४२.६०	०	५,०७,३२,२४२.६०	१,३९,७९,८०६.७१	०	१,३९,७९,८०६.७१
१५०००	विविध प्राप्ति		१,४७,५८७.००	०	१,४७,५८७.००	६०,३०१.००	०	६०,३०१.००
क	**कुल जम्मा प्राप्ति**		८१,०३,०३,८२६.०८		८१,०३,०३,८२६.०८	७०,३३,३८,८४६.२३		७०,३३,३८,८४६.२३
३	चालु		५२,५७,४५,३०९.७९	०	५२,५७,४५,३०९.७९	४९,८६,८३,६५९.७३	०	४९,८६,८३,६५९.७३
२१०००	पारिश्रमिक / सुविधा		२४,३१,८५,९९८.३०	०	२४,३१,८५,९९८.३०	९,४२,५१,६०५.८०	०	९,४२,५१,६०५.८०
२२०००	मालसामान तथा सेवाको उपयोग		२२,९५,५७,७०५.१९	०	२२,९५,५७,७०५.१९	१०,९५,५२,३१२.२१	०	१०,९५,५२,३१२.२१
२५०००	सहायता (Subsidy)		४,६०,६१,७५१.३०	०	४,६०,६१,७५१.३०	२८,८८,५८,४१६.१६	०	२८,८८,५८,४१६.१६
२७०००	सामाजिक सुरक्षा		६३,८४,८०३.००	०	६३,८४,८०३.००	५६,०६,५९०.००	०	५६,०६,५९०.००
२८०००	अन्य खर्च		५,५५,०५२.००	०	५,५५,०५२.००	४,१४,७३५.५६	०	४,१४,७३५.५६
४	पूंजीगत		२८,८६,३६,०४२.००	०	२८,८६,३६,०४२.००	२६,८७,१३,०४१.००	०	२६,८७,१३,०४१.००
३१११०	भवन तथा संरचना		१२,१०,०६,७०६.००	०	१२,१०,०६,७०६.००	५,०५,२७,३२३.००	०	५,०५,२७,३२३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२,३७,६७,५३७.००	०	२,३७,६७,५३७.००	१,४८,७८,७८९.००	०	१,४८,७८,७८९.००
३११३०	अन्य पूँजीगत खर्च		३,६२,२००.००	०	३,६२,२००.००	४,९१,०००.००	०	४,९१,०००.००
३११५०	सार्वजनिक निर्माण		१३,८१,६७,१६२.००	०	१३,८१,६७,१६२.००	२०,२१,५९,४७२.००	०	२०,२१,५९,४७२.००

३११६०	निर्मितसरचनाको सुधार खर्च		५३,३२,४३७.००	०	५३,३२,४३७.००	६,५६,४५७.००	०	६,५६,४५७.००
ख)	**कुल जम्मा भुक्तानी**		८१,४३,८१,३५१.७९		८१,४३,८१,३५१.७९	७६,७३,९६,७००.७३		७६,७३,९६,७००.७३
ग)	**बचत /कमी (ग = क-ख)**		(४०,७७,५२५.७१)		(४०,७७,५२५.७१)	(६,४०,५७,८५४.५०)		(६,४०,५७,८५४.५०)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		५४,०८,७४३.०२		५४,०८,७४३.०२	६२,२५,४०९.००		६२,२५,४०९.००
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**		१३,३१,२१७.३१		१३,३१,२१७.३१	(५,७८,३२,४४५.५०)		(५,७८,३२,४४५.५०)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		१३,७५,३४,६१४.५४		१३,७५,३४,६१४.५४	१९,५३,६७,०६०.०४		१९,५३,६७,०६०.०४
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		१३,८८,६५,८३१.८५		१३,८८,६५,८३१.८५	१३,७५,३४,६१४.५४		१३,७५,३४,६१४.५४

बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -४

मिति	भौनं	योजनाकोनाम	लागतअनुमान	सम्झौतारकम	भुक्तानीरकम	निर्माणव्यवसायी
०३/२५/२०८२	३२५	अनिलस्मृति स्तम्भ मुर्ति निर्माण वापत	४९२८९५	४२७२००	४२७०००	एसीनिर्माण सेवा
०३/२५/२०८२	३२७	कालिरामचौधरीको मुर्ति निर्माण	१४४००००	१४३८२००	१४३८०००	एसीनिर्माण सेवा
			१९३२८९५	१८६५४००	१८६५०००	

बेरूजु दफा ४६.२ सँग सम्बन्धित विवरण - अनुसूची -५

सि नं	मिति	भौन	कामकोविवरण	(वडा नं समेत)		ठेक्काअंक	भुक्तानीरकम	लागतअनुमानको तुलनामा घटी प्रतिशत	भुक्तानीपाउनेको ***नामा निर्माण व्यवसायीकोनाम***
१	०९/१८/२०८१	४५	पदनाहावर्थिङ्गसेन्टरमा संरचनात्मक सुधार	४	८९९९९५	८९८०१५	८५६९३३	०.२२	मनकामनानिर्माण सेवा बारबर्दिया - ४, बर्दिया
२	१२/०६/२०८१	१०२	बारबर्दियानगरसभा हलमा मञ्च निर्माण	६	३५६२०९	३५५१२०	३५२६१६	०.३१	हिमसगरमाथाकन्स्ट्रक्शन प्रा लि भरतपुर चितवन
३	११/१३/२०८१	८३	15बेडको नगरअस्पताल भवन परिसरमा नाली निर्माण	६	९३०५२९	९२८४४६	८३२८८५	०.२२	डी एसविल्डर्स नवदुर्गा गा पा - १, डडेलधुरा
४	१२/०६/२०८१	१०१	नगरकभर्डहलमा संरचनात्मक सुधार	६	८३४०१२	७९९८५४	७९९८५४	४.१०	रुद्राक्षनिर्माणसेवा, राजापुर १ बर्दिया
५	२०८२/०२/२९	१८१	सगुन मार्गकलभर्ट देखि विजयनगरसम्म सडक मर्मत	११	९९४१०	९९४१०	९७३९२	०.००	सागरकन्स्ट्रक्शन ठाकुरबाबा - १
६	०३/१२/२०८२	२१६	गुरुवागाउँकोनयाँसमिति भवन जाने बाटोमा माटो पटानी	४	९९७७९	९९७७९	९९००५	०.००	मीनाकन्स्ट्रक्शन गुलरिया 11, बर्दिया
७	०३/१३/२०८२	२२९	गुरुवागाउँगुरुजनश्क्तिप्रा वि माटो पटानी तथा मर्मत संभार	४	१४९६१७	१४५०४३	१४४७६२	३.०६	के सीकन्ट्रक्शन, बारबर्दिया -8, बर्दिया
८	०३/११/२०८२	२०९	नगरकार्यापालिकाकार्यालयमा अल्मुनियम ढोका लगाएतका अन्य निर्माण कार्य	६	८८०९४०	८८०५०७	८७८१२५	०.०५	के सीकन्ट्रक्शन, बारबर्दिया -8, बर्दिया
९	०३/१६/२०८२	२५३	४ नं. वडाकार्यालय भवन मर्मत तथा रंगरोगन	४	१४९८८९	१४८१०२	१४१६७९	१.१९	सदाशिवनिर्माण सेवा बारबर्दिया - ६, बर्दिया
१०	०३/२२/२०८२	२९५	५ नं. वडाकार्यालयमा पार्किङ्गका लागि टहरो निर्माण	५	२६०८०३	२५६९४३	२५३७३५	१.४८	सिद्धमालिका निर्माण सेवा जानकी गा प १ बाँके
११	०३/२२/२०८२	२९८	फत्तेपुरट्रान्स्फर्मरबाट पश्चिम जानेबाट ग्राभेल	४	१४९५८९	१४८०२६	१४६१८१	१.०४	प्रशान्तनिर्माण सेवा खजुर गा पा ३, बाँके
१२	०३/२२/२०८२	२९६	भैरवनाथमन्दिर शौचालय निर्माण	४	९९५१०	९९५१०	९४५२९	०.००	प्रशान्तनिर्माण सेवा खजुर गा पा ३, बाँके
१३	०३/२४/२०८२	३१८	अधुरोबारबर्दिया थनुवामा टायल जडान	५	७३९९७२	६६८२६९	५८०४४५	९.६९	दिपकविल्डर्स कोहलपुर - १० बाँके
१४	०३/२३/२०८२	३०७	३ नं. वडाकार्यालय जाने बाटो निर्माण	३	७२७३४६	७२५४८५	६९२९९७	०.२६	जे एमनिर्माण सेवा कोहलपुर- 3, बाँके
१५	०३/२४/२०८२	३१९	सुन्दरवस्तीको सडक स्तरोन्नोती, वडानं. ९	९	५०००४६	४९८४३७	४९४४०५	०.३२	सौरभकन्स्ट्रक्शन रापति सोनारी गा पा -9, बाँके
	०३/२०/२०८२	२८२	डा नं.११बेलभार - गुलरिया न.पा.१२ बिर्क्री थप सडक स्तरोन्नती कार्य	१२	४७२२८३	४७१५०३	४७०४८५	०.१७	निलमकन्सट्रक्सन
					७३४९९३०	७२२२४५०	६९३६०२७		

बेरूजु दफा ५४.४ सँग सम्बन्धित विवरण - अनुसूची -६

क्र स	वडानं	योजनाकोनाम	श्रमिक संख्या	कार्यदिन	जम्मा कार्यदिन	कुलखर्च रकम
१	१	मदनथारुको घर देखि बुढी खोला सम्मको बाटो माटो पटानी	६ जना	५०	३००	२००४००
२	२	पुष्पा राज थारुको घरदेखि किवराज थारुको घर सम्मको बाटोमा माटोपटानी	६ जना	२५	१५०	१००२००
३	२	जितपुर बुढी खोला किनारमा बाटो माटो पटानी	६जना	२५	१५०	१००२००
४	३	गहिरो कुलाको मोहरा देखि थाह्नी कुलो हुँदै झरनको पुलसम्म माटोपटानी	८जना	१००	८००	५३४४००
५	४	सोनपुरहान रमेश थारुको घर देखि दिपक परीयारको घर सम्म बाटोस्तरोन्नति बाटोमा माटो पटानी	६जना	१४	८४	५६११२
६	४	तिनसेम्री देखि भैसाखानी जोड्ने बाटो स्तरोन्नती माटो पटानी	६जना	३६	२१६	१४४२८८
७	५	कन्द्रापुर टोल देखि धोविया जोड्ने सडक पटानी	५जना	५०	३००	२००४००
८	६	भाटपुर राम बहादुर थारुको घर देखि बाहुन टोल जोड्ने बाटो मर्मत	५जना	४२	२१०	१४०२८०
९	७	रम्मापुर कृष्ण प्रसाद उपाध्यायको घर देखि मिठु	६जना	५०	३००	२००४००

		थारुको घर हुँदैभगवती राइस मिल सम्मको बाटो स्तरोन्नति				
१०	८	औरी कौवाकुना टोल महाविर विस्टको घरदेखि राउण्डिङ्ग बाटो निर्माण	७जना	८०	५६०	३७४०८०
११	८	औरी जगदिश थारुको घर देखि कुलो हुँदै ठग्गा थारुको जग्गा सम्म बाटोनिकाल्ने	७जना	२०	१४०	९३५२०
१२	९	टिका दर्लामीको घर देखि लिले थापाको घर सम्म बाटो निर्माण	८जना	६७	५३६	३५८०४८
१३	९	मथिल्लो बनगाई जस्वीर थारुको घर देखि विच बाटोमा जोड्ने बाटोनिर्माण	८जना	३३	२६४	१७६३५२
१४	१०	बुज्जन जागाको घर देखि हुम बहादुर के सी को घर सम्मको बाटो निर्माण	७जना	६३	४४१	२९४५८८
१५	१०	गोहुँवा थारुको घर देखि धधवार बजारी सडक जोड्ने बाटो निर्माण	७जना	३७	२५९	१७३०१२
१६	११	जब्दी गाउँ भित्र रहेको भित्री सडकहरुमा माटो पटानी	६जना	३८	२२८	१५२३०४
१७	११	११नं. वडा कार्यालय शौचालय निर्माण	६जना	८	४८	३२०६४
१८	११	चैतुलाल थारु स्मृति भवनमा झ्यालमा ग्रील	६जना	४	२४	१६०३२

		भित्ते लेखन तथा मर्मत				
		कुल जम्मा	७०जना	७४२	५०१०	३३४६६८०

बेरूजु दफा ८१ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	विद्यालयको नाम	जम्मा शिक्षक संङ्ख्या	जम्मा विद्यार्थी	शिक्षक विद्यार्थी अनुपात
१	जनता आ वि जोधिपुर	६	१६२	१:२७
२	शान्ति आ वि कुमरागाउँ	१०	३८०	१:३८
३	गौतमवुद्ध आ वि जबरपुर	१०	२८३	१:२८
४	सरस्वती मा वि जमुनिया	१९	८०६	१:४२
५	नेपाल राष्ट्रिय मा वि बेलवाबज्जा	१७	६१९	१:३६
६	युवक मा वि जोगीगाउँ	२०	८३१	१:४१
७	जनचेतना आ वि नारायणपुर	१०	२७३	१:२७
८	नेपाल प्राज्ञिक आ वि जब्दी	९	१९८	१:२२
९	भगवती प्रताप आ वि ढकैला	४	११०	१:२८
१०	युवक मा वि दुध्धा	१७	५८४	१:३४
११	विजय आ वि विजयनगर	६	१९७	१:३३
१२	किसान मा वि फच्कहवा	१४	२९५	१:२१
१३	जनचेतना आ वि धधवार	५	१३१	१:२६
१४	अमरसहिद दशरथ चन्द मा वि खैरेनी	१४	४०७	१:२९

१५	जनज्योति मा वि बनगाई	१४	५००	१:३६
१६	बालविद्या आ वि सिमरहवा	९	२५५	१:२८
१७	जनसेवा मा वि वैदी	२०	८५९	१:४३
१८	धर्मभक्त मा वि कतर्निया	१७	६४८	१:३८
१९	सिम्हा मा वि वेल्भार	१५	५७२	१:३८
२०	मजदुर आ वि लम्कीफाँटा	५	१८९	१:३८
२१	फगुना आ वि बकलभार	३	७५	१:२५
२२	कृष्णसार आ वि थानफेना	४	१०३	१:२६
२३	करुणा आ वि बनगाई	४	१२८	१:३२
२४	जनता मा वि रम्मापुर	१७	५६९	१:३३
२५	जनज्योति आ वि औरी	९	२६७	१:३०
२६	भगवती आ वि हर्नवा	४	७३	१:१८
२७	बालकल्याण आ वि सोनपुर	३	७३	१:२४
२८	जनप्रिया आ वि जब्दहवा	९	२२६	१:२५
२९	जनजगृती आ वि गुलरा	५	१११	१:२२
३०	नेपाल राष्ट्रिय आ वि तर्कापुर	९	१९२	१:२१

३१	अंशुवर्मा मा वि जयनगर	२१	१११४	१:५३
३२	भानुभक्त मा वि सिउनिया	१३	४३६	१:३३
३३	नवज्योति आ वि शक्तिनगर	६	२६५	१:४४
३४	सरस्वती आ वि भगतपुर	५	१५३	१:३०
३५	ज्वालाजनजागृती आ वि ज्वालागिरी	२	६९	१:३४
३६	पाञ्चजन्य मा वि पदनाहा	२३	९४६	१:४१
३७	जनशक्ति आ वि बन्घुस्री	९	२५८	१:२८
३८	कुसमादेवी आ वि रानीपुर	१०	३५०	१:३५
		३९७	१३७३२	१:३५

सुझाव

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ